मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक २०९ | २०८१ साल असार ०४ गते मंगलबार | Tuesday 18, June 2024 | सूर्योदयः बिहान ५:११ बजे | सूर्यास्तः साँझ ७:०२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## दलहरुमा बेथिति, मन्त्रीमा कमिसनमोहः सभामुख




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले राजनीतिक दलहरुमा बेथिति र मन्त्रीहरुमा पनि कमिसन खाने मोह बढेको बताएका छन् । उनल संघीयता आएपछि जतातनै विकासका गतिविधिमा तिव्रता आए पनि समाजमा देखिएको नकारात्मकताले संघीयताको राम्रो पक्ष छोपिएको उल्लेख गरे ।
कोशी प्रदेशका संसदीय पत्रकार मञ्चका टोलीसँगको अन्र्तक्रियामा सभामुख मण्डलले संरचना पुरानो र व्यक्ति पनि पुरानै भएकाले संघीयताबाट जनताले अपेक्षाकृत लाभ लिन नसकेको बताए । उनले मन्त्रीहरुसमेत कमिसनमा लिप्त हुने गरेका कारण संघीयताको नकारात्मकताले बढी प्रश्रय पाइरहेको जिकिर गरे । उनले भने, 'मन्त्रीहरु नै कमिसन खाने लोभमा पल्केका कारण समस्या देखिएको छ, उनीहरुले कमिसन खान बन्द गरे प्रदेश मात्रै होइन, देश नै समृद्ध बन्न सक्छ, त्यसकारण उनीहरुको आचरणमा समेत सुधार आउनु पर्छ ।'
सभामुख मण्डलले अहिले व्यक्तिमा राज्यप्रणालीप्रति असन्तुष्टि देखिएको र यस्तो अवस्थामा पत्रकारको समेत भूमिका महत्वपूर्ण रहने बताए । उनले नेताहरुको चरित्रमा समेत सुधार हुनुपर्नेमा जोड दिँदै भने, 'जसपा नेपालले आफनो पदाधिकारी चयनको जिम्मेवारी नै अध्यक्षलाई दिएका छन्, संसदीय दलको नेता हुँदा अर्कोले मुख्यमन्त्री बन्ने अवस्थामा विधि र थितिको कल्पनासम्म गर्न सकिन्न ।'
सभामुख मण्डलले कार्यपालिका, न्यायिपालिका सबै ध्वस्त हुन पुगेको अवस्थामा बाँकी रहेको पत्रकारिताले जनतामा केही विश्वास आर्जन गरेको बताउँदै त्यसलाई कायम राख्न अपिल गरे ।

# के सरकार संकटमा छ ?



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रधानमन्त्री पुष्पकमल दाहालले सोमबार चितवनको एक कार्यक्रममा भने, 'उहाँहरु (रास्वपा)को त्यो पुरानै बानी हो ।' उनको संकेत थियो राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता तथा सांसदहरुतर्फ ।
चितवनको भरतपुर विमानस्थलमा सञ्चारकर्मीसँग प्रधानमन्त्री दाहालले राजीनामा पत्र बोकेर हिँड्नु रास्वपाको पहिचान भएको बताउँदै उनीहरु सरकारबाट नबाहिरिने जिकिर गरे । 'रवि लामिछानेजीले शुरूमा नै हामी त्यस्तै हौँ भनेर भन्नुहुन्थ्यो, आफ्नो पहिचानका लागि पनि राजीनामा पत्र गोजीमा राखेर हिँडेका छौँ भन्नुपर्ने उहाँहरूलाई आवश्यकता होला,' रास्वपाका मन्त्रीले राजीनामा दिन लागेका हुन् भन्ने सञ्चारकर्मीको प्रश्नमा प्रचण्डको कटाक्षमिश्रित जवाफ थियो, 'मैले बुझ्दा त्यस्तो केही पनि पाइनँ ।'
केही दिनअघि रास्वपाका नेता एवम् खेलकुद मन्त्री विराजभक्त श्रेष्ठले सरकारलाई दिएको समर्थनका विषयमा समीक्षा गर्नुपर्ने विषय गठबन्धन दलबीच नै उठेको र राजीनामा पत्रमा मिति मात्रै लेख्न बाँकी रहेको, गोजीमै बोकेर हिँडेको भनेपछि गठबन्धनमा केही गडबड भइरहेको आमनागरिकले अनुमान लगाएका थिए । उसो त बजेटमै सत्तारुढ नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले नै असन्तुष्टि बताएपछि गठबन्धनमा असन्तुष्टिको खिचडी पाकिरहेको अनुमान सबैले गरेका थिए ।
पछिल्लो समय लगातार नेकपा एमालेका शीर्ष नेताहरु गठबन्धनमा गडबड नभएको र सरकार छाडेर जाने विषय कल्पना भन्दा बाहिरको भएको बताइरहेका छन् । वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल, सचिव योगेश भट्टराईदेखि प्रमुख सचेतक महेश बर्तौला र सांसद सूर्य थापासम्म माओवादी गठबन्धन बोक्रे र रास्वपाका सभापति तथा गृहमन्त्री रवि लामिछानेलाई सहकारी प्रकरणमा जोगाउने काममा दिलोज्यानले लागेका छन् । यस्तो अवस्थामा रास्वपाका मन्त्रीबाटै राजीनामा प्रकरण आएपछि प्रधानमन्त्री प्रचण्डले पनि यसलाई बचाउ गर्नु पर्ने अवस्था आएको हो ।
उसो त निर्वाचन आयोगले प्रमाणपत्र जारी गरे पनि अदालतमा मुद्दा परेर मधेश प्रदेशमा जसपा नेपालका प्रदेश सांसद खुलेर जसपापट्टि नलागेपछि मधेश प्रदेश सरकारमा लोसपा र नेकपा एसलाई मनाउनु पर्ने बाध्यतामा परेका प्रधानमन्त्री दाहाल अरु दबाबमा देखिएका छन् । सहकारी प्रकरणमा जोडिएका रवि लामिछानेलाई बोकेर चर्को आलोचनाको खेपिरहेका र गतिले काम गर्न नसकिरहेका प्रधानमन्त्री ससानो काममा पनि एमाले अध्यक्ष केपी ओलीको 'चेक'ले पनि हैरान नै छन् । पार्टीका धेरैजसो नेताहरु पार्टी एमालेमा गाभ्न र आगामी कार्यकालको राष्ट्रपति सुरक्षित गर्न अनुरोध गर्न थालेपछि भित्रभित्रै प्रधानमन्त्री दाहाल कमजोर महसुस गरिरहेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवा र जसपा नेपालका उपेन्द्र यादवसँगको गठबन्धन भन्दा एमाले–रास्वपाको गठबन्धन निकै भारी परिरहेको र पार्टीका नेताहरुको एमालेप्रतिको झुकाव चाहिँदो भन्दा बढी नै भएपछि गठबन्धनमा सरकार बलियो त देखिएको छ, ढिलोचाँडो पार्टी विलयको सम्भावनाबारे पनि प्रधानमन्त्रीको चासो बढेको छ ।
एकातिर कांग्रेसको लगातारको दबाब, अनि पार्टीभित्रैका नेताहरुको एमालेमा झुकाव र गठबन्धन साझेदारहरुको अनावश्यक तनावसँगै मधेश प्रदेश सरकार जनमतलाई दिएका प्रधानमन्त्री दाहाल केन्द्र सरकारमा पनि मधेशमा परीक्षणकालमा रहेको सिके राउत भित्र्याएर सरकारी गठबन्धन अरु बलियो पार्ने ध्याउन्नमा छन् । उनले सरकार हेरफेर गरिरहने क्रममा यसपटक उपेन्द्र यादवको बहिर्गमनसँगै मधेशमा वैकल्पिक शक्तिका रुपमा उदाएको जनमत पार्टीलाई मधेशको सत्ता त बुझाइसकेका छन् । अब केन्द्र सरकारमा पनि जनमतका सुप्रिमो डा. सिके राउतलाई रेड कार्पेट

बाँकी पृष्ठ २ मा

## व्यापार विस्तार तथा पर्यटन विकासबारे छलफल

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज उद्योग वाणिज्य संघ र भारतको पूर्वी चम्पारणस्थित मोतिहारी चेम्बर अफ कमर्शबीच द्विपक्षीय व्यापार सम्बन्ध विस्तार तथा पर्यटन विकासका लागि छलफल भएको छ । मोतिहारीमा आयोजित कार्यक्रममा उद्योग, व्यापार, पर्यटनलगायतका क्षेत्रको खस्कँदो अवस्थालाई दृष्टिगत गरेर नेपाल भारतका सिमाञ्चल क्षेत्रका औद्योगिक एवम् व्यापारिक सम्बन्ध विस्तार सम्बन्धबारे छलफल भएको हो ।
कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिलकुमार अग्रवालले वीरगंजको बढ्दो महत्व, यसले बोकेको सम्भावना र मुलुककै आर्थिक उन्नयनमा खेलेको भूमिका उजागर गर्दै यस क्षेत्रमा लगानी गर्न आग्रह गरे । उनले नेपालमा औद्योगिक लगानी गर्न चाहनेका लागि वीरगंज अत्यन्तै उपयुक्त रहेकाले लगानी गर्न आग्रह गरे । अध्यक्ष अग्रवालले नेपालको भौगोलिक विविधताका कारण विश्वका जुनसुकै मुलुकबाट आउने पर्यटकले रोजेअनुसारको हावापानी पाउने भएकाले जोसुकैका लागि नेपाल आकर्षणको केन्द्र बनेको बताउँदै पर्यटकका रुपमा नेपालका विभिन्न पर्यटकीय स्थलको भ्रमण गर्न आग्रह गरे ।
मोतिहारी चेम्बर अफ कमर्शका अध्यक्ष राजीव विजडमले वीरगंज नेपालको प्रमुख औद्योगिक क्षेत्र रहेको र कुल राजस्वको करिब ५० प्रतिशतभन्दा बढी योगदान रहेको तथा औद्योगिक लगानीका लागि पर्याप्त सम्भावना रहेकाले इच्छुकलाई वीरगंज क्षेत्रमा लगानी गर्न आग्रह गरे । साथै, वीरगंज औद्योगिक विकासमा धेरै अगाडि बढिसकेकाले त्यहाँका उद्योगले अपनाइरहेका प्रविधि भित्र्याउन समेत आग्रह गरे । कार्यक्रममा दुवै चेम्बरका पदाधिकारी, कार्यसमिति सदस्य, उद्योगी व्यवसायीलगायतको उपस्थिति थियो ।

## भारतबाट चिनी ल्याउन आशयपत्र माग

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले उद्योगहरुलाई भारतबाट चिनी आयातका लागि आशयपत्र माग गरेको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत उद्योग विभागले भारतबाट १९ हजार मेट्रिक टन चिनी आयात गर्न इच्छुक उद्योगसँग आशयपत्र मागेको हो । भारत सरकारले नेशनल कोअपरेटिभ एक्सपोर्ट्स लिमिटेड इन्डियामार्फत बिक्री हुने गरी नेपाललाई २५ हजार मेट्रिक टन चिनी निर्यातको अनुमति दिएको छ । यसमा १९ हजार मेट्रिक टन चिनी कच्चा पदार्थका रुपमा प्रयोग गर्ने उद्योगबाट ल्याउन लागिएको हो । इच्छुक उद्योगले ७ दिनभित्र उद्योग विभागमा आशयपत्र बुझाउनु पर्नेछ । विभागका अनुसार, उद्योगले आशयपत्रमा नाम, ठेगाना र सम्पर्क नम्बर, उद्योग दर्ता नम्बर, दर्ता भएको निकाय र दर्ता मिति, उद्योगको स्किमअनुसार वार्षिक खपत परिमाण, गत वर्षको खपत परिमाण, कोटामार्फत ल्याउन चाहेको परिमाण र हाल उद्योग सञ्चालनमा रहे–नरहेको अवस्था खुलाउनुपर्नेछ ।

## र, यो पनि समाचार ....

**मधेशदृष्टि**
**इलाम**
जेठ ३२ गते सामाजिक सञ्जाल फेसबुकको 'भूतप्रेत' पेजमा कुकुरलाई लाठ्ठीले बारम्बार हिर्काएर क्रूरतापूर्वक मारेर खाल्डो खनेर पुरेको भिडियो अपलोड गर्ने समूह प्रहरीको निशानामा परेकोक छ ।
जिल्ला प्रहरी कार्यालय इलाम र मातहत प्रहरीबाट भिडियो बनाउने र अपलोड गर्ने समूह पहिचानक्रममा देउमाई नगरपालिका–९, जीतपुरका २१ वर्षीय दीक्षान्त मोरोहाङ लिम्बु, १७ वर्षीय संगम लिम्बु र १७ वर्षीय अशोक लिम्बुलाई पक्राउ गरिएको हो । उनीहरुलाई जिल्ला प्रहरी कार्यालय इलाममा ल्याएर अनुसन्धान भइरहेको छ । क्रूरतापूर्वक कुकुर मार्नेलाई पशु कल्याण संघ नेपालले 'पशुपंक्षीसम्बन्धी कसुर' अन्तर्गत जाहेरी दिएपछि उनीहरु कारबाहीमा पर्ने भएका छन् । तपाईंका सन्तानले पनि सामाजिक सञ्जालमा भाइरल हुने लोभमा यस्तै कर्तुत त गरिरहेका छैनन्, सम्झाउनुहोस्, नत्र प्रहरीको भाइरल हुने लोभले हिरासतमा पुग्लान् !

हार्दिक बधाई एवं शुभकामना
95.5 FM JANAKNANDANI
जनकनन्दनी FM.
जनमनको पहुँचमा सबैभन्दा सहज र लोकप्रिय सञ्चारमाध्यम रेडियो हो, मधेश प्रदेशको राजधानी जनकपुरधामबाट निरन्तर प्रसारण भइरहेको
जनकनन्दनी एफएम ९५.५ मेगाहर्ज
(सिमलादेवी मिडिया प्रा.लि.द्वारा सञ्चालित) प्रसारणको छैठौँ वर्ष प्रवेशका अवसरमा रेडियो व्यवस्थापन, स्रोता र समस्त शुभचिन्तकमा
हार्दिक बधाईसहित शुभकामना
व्यक्त गर्दछौँ।
ध्रुव साह
कार्यकारी अध्यक्ष
Tv BIRGUNJ | RADIO Birgunj | मधेशदृष्टि राष्ट्रिय दैनिक

# गौर भन्सारले समयमा बेरियर नखोल्दा समस्या



**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौर भन्सार कार्यालयले निर्धारित समय बिहान ५ बजे बेरिएर (ढाठ) नखोल्दा यहाँका नागरिकले सास्ती खेप्नु परेको छ । भारतीय क्षेत्रको बैरगनियातर्फको बेरिअर भारतीय समय अनुसार बिहान ५ बजे खुल्ने तर गौर भन्सारको बेरिअर ६ बजे नेपाली समयअनुसार खुल्दा सीमा वारिपारी आवतजावत गर्ने नागरिकलाई एक घण्टा कुर्नुपर्ने बाध्यता छ । एक घण्टासम्म कुर्नु पर्दा दुबैतर्फका नागरिकले सास्ती खेप्नु परेको स्थानीय सञ्चारकर्मी रमेश सिंह बताउँछन् ।
नागरिकको समस्या समाधान गर्न केही दिनअघि जिल्ला प्रशासन कार्यालय रौतहटमा बसेको दुई देशका सुरक्षा अधिकारीहरुको बैठकमा भारतीय समयअनुसार बिहान ५ बजे दुबै तिरको बेरिएर खोल्ने सहमति भएको थियो । उक्त सहमतिको पालन गर्दै भारतीय पक्षले प्रत्येक दिन बिहान ५ बजे निर्धारित समयमा बेरिएर खोल्दै आएको छ । तर गौर भन्सारले भने अहिलेसम्म अटेर गर्दै नेपाली समय अनुसार बिहान ६ बजे बेरिएर खोलेगरेको स्थानिय पीडितहरुले गुनासो गरेका छन् । सीमावर्ती भारतीय बजार बैरगनिया रहेको रेल्वे स्टेशनबाट रेलमार्ग हुँदै दैनिक एकाबिहानै दर्जनौं परिवार वारीपारी आवतजावत गर्ने गर्दछन् । कतिपय परिवार रेलबाट झरेर बिहानै गौरतर्फ आउने गर्दछन् भने कैयौं परिवार भारतको विभिन्न स्थानका साथै सहज तरिकाले रक्सौल हुँदै वीरगंजसम्म पुग्न एका बिहानै रेल चढ्न बैरगनिया जाने गर्दछन् । तर गौर भन्सार अगाडिको बेरिएर खुल्ला नहुँदा उनीहरुलाई कुर्नुपर्ने बाध्यता सास्ती खेप्नुपरेको हो ।

# गुणस्तरीय शिक्षामा जोड दिऔँः प्रधानमन्त्री

**चितवन ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशभित्र भविष्य देख्ने वातावरण सिर्जना गर्न शिक्षा र व्यवस्थापनको गुणस्तर अभिवृद्धि गर्नुपर्नेमा जोड दिएका छन् । कृषि तथा वन विज्ञान विश्वविद्यालयको चौथो दीक्षान्त समारोहलाई सोमबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले शैक्षिक गुणस्तर वृद्धि गरेर युवा पुस्तालाई स्वदेशमै अवसर छ भन्ने सन्देश प्रवाह गर्नुपर्ने बताए । 'देशभित्रै भविष्य देख्ने सकारात्मक सोचका साथ मातृभूमिको माया सम्झेर आर्जित ज्ञान र सीप दिगो विकासका लागि सदुपयोग गर्नुहोस्' प्रधानमन्त्री दाहालले भने, 'देशभित्र भविष्य देख्ने वातावरणका निम्ति शिक्षा र व्यवस्थापनको गुणस्तर अभिवृद्धिमा विशेष जोड दिनुपर्छ ।'
उनले कृषि विज्ञानमा भर्ना हुने र भेटरेनरीमा आवेदन दिने विद्यार्थीको संख्या बढिरहेको तथा भेटरेनरी विषयमा विद्यार्थी संख्या शतप्रतिशत बढाउने पहल भइरहेको जानकारी पाउँदा खुसी लागेको बताए । प्राविधिक विश्वविद्यालयहरूले अनुसन्धानमार्फत् नवीनतम प्रविधिको विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यमा सम्पूर्ण क्षमता र साधनस्रोत खर्चिनुपर्नेमा जोड दिए । उनले विश्वविद्यालयका वैज्ञानिकहरूले भैँसीको बेमौसमी प्रजननको प्रविधि, गर्मी सहन गर्न सक्ने गहुँको जातको विकासलगायतका प्रविधि विकास गरेकोप्रति खुसी व्यक्त गरे । विश्वविद्यालयले आवश्यकताअनुसार क्याम्पस तथा कृषि विज्ञान केन्द्र विस्तार र सवलीकरणका लागि योजना निर्माण गरी कार्यान्वयन गर्ने विश्वास व्यक्त गरे । उनले आगामी दिनमा विश्वविद्यालयका निम्ति आवश्यक जनशक्तिको व्यवस्थापनमा सरकारको तर्फबाट सहयोग रहने प्रतिबद्धता जनाए ।
'विश्वविद्यालयले सङ्काय, कलेज तथा विज्ञान केन्द्रहरूको शैक्षिक भवन, एकीकृत अनुसन्धान प्रयोगशाला, जैविक सुरक्षा प्रयोगशाला निर्माण छिटो सम्पन्न गर्नुपर्छ,' प्रधानमन्त्री दाहालले भने, 'विश्वविद्यालयका शैक्षिक एवं अनुसन्धान र प्रसार कार्यलाई गुणस्तरयुक्त तथा समयसापेक्ष बनाउन दश वर्षे रणनीतिक योजना निर्माण एवं पाठ्यक्रम परिमार्जन गरी कार्यान्वयन गर्नुपर्छ ।' प्रधानमन्त्री दाहालले बदलिएको राजनीतिक व्यवस्थाअनुरूप जनताको अवस्था बदल्नुपर्नेमा जोड दिँदै कर्ममा समर्पित हुन आग्रह गर्नुभयो । दाहालले व्यक्तिगत स्वार्थ र निजी भविष्यका लागि मात्र नभइ देशको भविष्यमा ध्यान दिन अपिल गरे । 'राज्य, राजनीतिक दल र आम जनसमुदायबीच सहकार्य र एकता कायम हुँदा हामीले बदलिएको राजनीतिक व्यवस्थाअनुरूप जनताको अवस्था बदल्न सक्छौँ र बदल्नै



पर्दछ' प्रधानमन्त्री प्रचण्डले भने, 'तसर्थ, म सम्पूर्ण विद्यार्थी भाइबहिनीहरूमा विशेष अपिल गर्छु, राष्ट्रिय शब्दमा होइन, कर्ममा व्यक्त हुनुपर्दछ । हाम्रा गतिविधि व्यक्तिगत स्वार्थ र निजी भविष्यका निम्ति मात्र होइन, सिङ्गो देशको प्रतिष्ठा र भविष्यका निम्ति समर्पित हुनुपर्दछ ।' उत्पादन, उत्पादकत्व वृद्धि र देशभित्रै रोजगारीका नयाँ–नयाँ अवसरको सिर्जना गर्न सरकार निरन्तर क्रियाशील रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले यस वर्षको नीति तथा कार्यक्रम र बजेटमा कृषि, सूचना–प्रविधिको क्षेत्रलाई सर्वाधिक महत्व दिएको स्पष्ट पारे । नेपालजस्तो देशका निम्ति अर्थतन्त्रको प्रमुख आधार कृषि क्षेत्र र नेतृत्वदायी क्षेत्र सूचना–प्रविधि हुनुपर्नेमा जोड दिँदै प्रधामन्त्रीले यसवर्ष उत्पादकत्व वृद्धि र रोजगार प्रवर्द्धन गर्ने कार्यक्रमको साथमा सूचना–प्रविधिमा नवप्रवर्तन कार्यक्रमका निम्ति पर्याप्त बजेट विनियोजन गरिएको जानकारी दिए ।
सूचना प्रविधिको युग हुनुका कारण विश्वका अवसर र चुनौतीबारे जान्ने, बुझ्ने र सोहीअनुरूप आफ्नो भविष्यको योजना निर्माण हुनु स्वाभाविक भएको बताउँदै प्रधानमन्त्रीले राष्ट्रियता, भावी पुस्ताको भविष्य र मातृभूमिको हितबारे सोच्नैपर्ने बताए । समारोमा उनले आफूले यही पढेको भन्दै स्मरण गरे । समारोहमा प्रमुख अतिथिको रुपमा आएका सिक्किम स्किल युनिभर्सीटिका उपकुलपति प्रा डा अजयकुमार मिश्रले कृषि विश्वविद्यालयले शैक्षिक गुणस्तरमा पु¥याएको योगदानको चर्चा गरे । आफ्नो विश्वविद्यालय र यस विश्वविद्यालयको बिचमा सहकार्य गरेर जान सकिने उनको भनाइ थियो । कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्रा डा पुण्यराज रेग्मीले कृषि तथा वन विज्ञान विश्वविद्यालयले वार्षिकोत्सवको अवसर पारेर गरिएको दीक्षान्त समारोह अबदेखि नियमित हुने बताए । उनी उपकुलपति नियुक्त भएपछि यो तेस्रो दीक्षान्त समारोह गरिएको हो । दीक्षान्त समारोहमा स्नातक, स्नातकोत्तर र विद्यावारीधि गरी एक हजार ५९ विद्यार्थी दीक्षित भएका छन् । रासस

# आम उद्योग वाणिज्य संघ केन्द्रीय समिति गठन

**मधेशदृष्टि**
**रौतहट ।**
प्रभु साह नेतृत्वको आमजनता पार्टी निकट आम उद्योग वाणिज्य संघको केन्द्रिय समिति गठन गरिएको छ ।
पार्टी कार्यालय काठमाडौंमा सोमवार पार्टी अध्यक्ष प्रभु साहको प्रमुख आतिथ्यमा बसेको बैठकले उक्त समिति गठन गरेको हो । रौतहटको साजन कुमार जैसवालको संयोजकत्वमा ६४ सदस्यीय आम उद्योग वाणिज्य संघ केन्द्रिय समिति गठन गरिएको छ । संघको आगामी बैठकले पदाधिकारीको जिम्मेवारी बाँडफाँड गर्ने संघले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# सरकारको भविष्यबारे चिन्ता गर्नुपर्नेबेला भएको छैनः पोखरेल

**धादिङ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले वर्तमान सरकारको भविष्यबारेमा चिन्ता गर्नुपर्ने अवस्था नरहेको बताएका छन् । उनले सत्ता समीकरणमा रहेका एमालेलगायतका सबै दल यही सरकारलाई निरन्तरता दिने पक्षमा रहेको बताए ।
प्रेस चौतारी नेपाल धादिङले सोमबार यहाँ आयोजना गरेको पत्रकार भेटघाटका क्रममा महासचिव पोखरेलले मुलुकलाई सकारात्मक दिशातर्फ अगाडि बढाउन एमालेले यही सरकारलाई निरन्तरण दिने धारणा व्यक्त गरे । उनले भने, 'वर्तमान समीकरणबाट मुलुकलाई सकारात्मक दिशामा अघि बढाउन सकिन्छ भन्ने हाम्रो प्रयास हो । त्यहीअन्तर्गत नयाँ समीकरण बनायौँ अहिले पनि हामी यो समीकरणको निरन्तरताका पक्षमा छौँ ।' महासचिव पोखरेल एमाले जिल्ला कमिटी धादिङको तीनदिने प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्न धादिङबेंसी आएका हुन् ।
सरकार कमजोर बन्यो भने जनतामा निराशा बढ्छ कि भन्ने चिन्ता भए पनि सरकारको भविष्य के होला भन्ने चिन्ता लिनुपर्ने समय आइनसकेको एमाले महासचिव पोखलेको भनाइ छ । 'सरकारले राम्रो काम गरोस्, जनता अपेक्षालाई सम्बोधन गरोस्, सुशासन दिन सफल होस्, जनताका मुद्दातर्फ ध्यान केन्द्रित होस्, अरु कुरामा विरोध जनाउनुपर्ने र सरकार परिवर्तन गरिहाल्नुपर्ने अवस्था नरहेको पोखरेलको भनाइ छ । 'कमी कमजोरी भएका भएका विषयलाई सच्याएर अघि नबढ्दा २०८४ सम्म जनतामा निराशा छाउने पो हो कि भन्ने चिन्ता एमालेमा छ । यसको विकल्पमा अरुको खोजी चाहिँ होइन' उनले भने, 'अर्को समीकरणको खोजी गर्नुपर्छ भन्ने खालको बुझाइ होइन ।' रासस


## मोटरसाइकल हरायो

मिति २०८० फागुन ३० गते धनुषाको हंसपुर (कठपुलस्थित घरको कम्पाण्डभत्रै रहेको) अवस्थामा तपसिल बमोजिमको मोटरसाइकल अन्दाजी दिउँसो २ बजेदेखि ४ बजेसम्मको समयमा हराएकाले पाउनु हुने महानुभावले तलको ठेगानामा सम्पर्क गरिदिनु होला या नजिक प्रहरी कार्यालयमा जानकारी गराइदिनु होला । मोटरसाइकल फेला पारेर बुझाउनेलाई १५ हजार रुपैयाँ पुरस्कार पनि राखिएको छ ।
**मोटरसाइकलः पल्सर १६० खैरो रंग**
**नम्बरः लु ७८ प ८४१५ (प्र २–०२–००५ प १५२१)**
**इञ्जिन नम्बरः जे इ एक्स सि एम इ ८४८५५**
**च्यासिस नम्बरःएम डि २ ए ९२ सि एक्स ओ एम सि इ ८४१५४**
**मोटरसाइकल धनीः सुनिल कुमार चौधरी**
**ठेगानाः हंसपुर नगरपालिका–३, धनुषा**
**सम्पर्क नम्बरः ९८१५६२७२८१**

## मोटरसाइकल हरायो

हुलास फिन सर्भको नाममा रहेको र ऋणी हरि दाहालले चलाइरहेको प्रदेश १–०२–०५२ प ६७२० नम्बरको पल्सर २२० एफ एबिएसको २२० सिसीको मोटरसाइकल असार १ गते साँझ ७:३० बजेतिर महोत्तरीको बर्दिबास–१४ स्थित बजारनजिक शिव मन्दिर नजिकैबाट पार्किङस्थलबाटै हराएकाले पाउनु हुने महानुभावले तलको ठेगानामा सम्पर्क गरिदिनु होला या नजिक प्रहरी कार्यालयमा जानकारी गराइदिनु होला ।
**मोटरसाइकलः पल्सर २२० सिसी**
**इञ्जिन नम्बरः डि के एक्स सि एम एच ३०७५२**
**च्यासिस नम्बरः डि २ ए १३ इ एक्स २ एम सि जे ९६६६१**
**मोटरसाइकल धनीः हरि दाहाल**
**सम्पर्क नम्बरः ९८६९३११६३७**


# के सरकार संकटमा छ...

ओच्छ्याएर स्वागतको तयारी गरेका छन् ।
प्रधानमन्त्री दाहाल र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली राउतलाई सरकारमा सहभागी हुन आग्रह गरिरहेका छन् । उपप्रधानमन्त्रीसहित कुनै मन्त्रालय लिएर सरकारमा सहभागी हुन राउतलाई प्रस्ताव गएको छ । जनमत पार्टीकी सांसद अनिता साहले राउतलाई सरकारमा सहभागी हुन प्रस्ताव गरिएको तर पार्टीले कुनै निर्णय नगरेको बताइन् । अघिल्लो दाहाल सरकारमा जनमतका अब्दुल खान र अनिता साह सहभागी भइसकेका छन् । त्यतिखेर पनि उपप्रधानमन्त्री सहित दिएका भए राउत आफैँ जाने तयारीमा थिए । उसो त प्रधानमन्त्रीलाई नागरिक उन्मुक्ति पार्टीलाई समेत सरकारमा समेट्नु पर्ने बाध्यता आइलागेको छ । उपेन्द्र यादव सरकारबाट बाहिरिएपछि यसको पुरतालका लागि लागि प्रधानमन्त्री दाहाललाई जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी आवश्यक परेको हो । १२ सांसद भएको उपेन्द्र यादवको पार्टी फुटाएर ७ सांसद आफूतिर पार्दै दुई मन्त्रालय दिन बाध्य प्रधानमन्त्री दाहाल सत्ता जोगाउन ६ सांसद भएको जनमतलाई मधेशमा मुख्यमन्त्री र केन्द्र सरकारमा उपप्रधानमन्त्रीसहित थप एक मन्त्रालय दिन बाध्य हुँदैछन् ।
उपेन्द्र यादव र माधव नेपालविनाको सत्ता गठबन्धन जोगाउन प्रधानमन्त्रीलाई निकै सकस परेको देखिन्छ । अर्कातिर एमालेको दबाब झेल्न र रास्वपाको तनावको राजनीति सम्हाल्न पनि प्रधानमन्त्री दाहाललाई उस्तै सकस छ । यति मात्र होइन, आफ्नै पार्टीभित्रबाट पनि उनलाई असहयोग र एमालेप्रति निरन्तर झुकावले प्रधानमन्त्री दाहाल अरु तनावमा परेको प्रष्टै छ । कुनै पनि बेला एमाले र कांग्रेस मिलेर सत्ताबाट बहिर्गमनमा परिने हो कि भन्ने तनाव पनि प्रधानमन्त्रीमा कायमै छ । किनभने राजनीतिमा जे हुन्छ, त्यो भनिन्न र जे भनिन्न, त्यो हुने गरेको छ । जस्तो, अहिले नेपाली कांग्रेसका महामन्त्री गगन थापादेखि अरु नेताहरु पनि भनिरहेका छन्, '२०८४ सम्म कांग्रेस प्रतिपक्षमै बस्छ ।' राजनीतिमा भनेअनुसार कहाँ हुन्छ र ? कतै रास्वपा सभापति र गृहमन्त्री रवि लामिछानेमाथि अदालतबाट कुनै 'दायाबाया' भयो भने प्रधानमन्त्रीको सत्ता र सरकार संकटमा त पर्छ नै, सबैतिरबाट सांसदहरु जोडजाड पार्दै परेका बेला एमालेतिर खुलाउने र ठूलो दल बनाएर सरकारको दाबी गर्दै सके सरकारको नेतृत्व गर्ने नसके मध्यावधिमा देश लैजाने केपी ओलीको चाहनामा पनि अहिले जसपा विभाजनदेखि सिके राउतलाई सत्तासम्मका गृहकार्य भइरहेकै छ । माओवादी नेताहरु नै पार्टी बनाउन भन्दा एमालेमा विलय रुचाउन थालेपछि प्रधानमन्त्रीका आगामी यात्रा अरु चुनौतीपूर्ण र जोखिमयुक्त हुनेमा सन्देह छैन । झट्ट हेर्दा सरकार संकटमा नदेखिए पनि दाहाल सरकार इतिहासमै यसपटक कमजोर सावित भएका छन् ।

**एमाले–रास्वपा–समाजवादी**
टेकोमा अब एक सिटको नागरिक उन्मुक्ति पार्टी र ६ सिटको सिके राउतले पनि थप टेको दिएर सरकार धानिदिनु पर्ने अवस्था बनेको छ ।


## बालविवाह
सामाजिक कुरीतिमात्रै नभई
जघन्य अपराध हो ।



**"२० वर्ष नपुगी विवाह गर्नु गराउनु गैरकानुनी हो ।**
**बालविवाह कानूनी र सामाजिक दुबै अपराध हो ।**
**यस्तो विवाह गर्ने तथा गराउने दुबैलाई कानून बमोजिम सजाय हुन्छ ।"**

- कानूनद्वारा तोकिएको उमेर भन्दा कम उमेरमा गरिएको विवाह बालविवाह हो ।
- नेपालको कानून अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले पनि कसैको विवाह गर्नु गराउनु हुँदैन । (मुलुकी अपराध संहिता २०७४)



**बालविवाह किन गर्नु गराउनु हुँदैन ?**
- बालअधिकारको हनन् हुन्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैलाई गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैको मृत्यु हुन सक्छ,
- बालिकाहरूमा फिस्टुला, पाठेघर खस्ने लगायतका गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- शिक्षा, रोजगारी लगायत विभिन्न अवसरहरुबाट वञ्चित हुन सक्छ,
- पारिवारिक, आर्थिक, सामाजिक परनिर्भरता बढ्ने हुन्छ,
- परिवार तथा समाजमा असमान शक्ति सम्बन्ध हुन सक्छ,
- घरेलु हिंसा र दुर्व्यवहारको जोखिम बढ्न सक्छ,
- मनोसामाजिक समस्याको उच्च जोखिम हुन सक्छ ।

**बालविवाह विरुद्धको उजुरी गर्ने प्रक्रिया र निकाय के र कँहा हो ?**
- आफुसँग भएसम्मको प्रमाण पुग्ने कागजात वा सूचना सहित नजिकको प्रहरी कार्यालयमा गई कानूनले तोके अनुसार उजुरी दरखास्त दिने,
- आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई बालविवाहको विरुद्धमा उजुरी वा जानकारी लिखित रुपमा वा मौखिक सूचना वा इमेल वा एसएमएस मार्फत नजिकको प्रहरी कार्यालयमा दिने,

**बालविवाह विरुद्धको उजुरी प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा के गर्ने ?**
- बालविवाह विरुद्धको उजुरी/जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेमा उक्त प्रहरी कार्यालयको माथिल्लो प्रहरी कार्यालय वा जिल्ला सरकारी वकिल कार्यालयमा उजुर गर्न सक्नेछ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५)
- प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय वा प्रहरीको माथिल्लो तहको प्रहरी कार्यालयले उजुरी लिन नमानेमा उजुरीको सबै व्यहोरा खुलाएर प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन पेस गर्न सकिन्छ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५(उपदफा ४)) ।

**बालविवाह विरुद्ध उजुरी गर्ने हद म्याद कहिले सम्म हुन्छ ?**
- बालविवाह सम्बन्धी कसूरको उजुरी कसूर भए गरेको थाहा पाएको मितिले तीन महिना भित्र गर्नु पर्दछ । (मुलुकी अपराध ( संहिता) ऐन, २०७४, परिच्छेद-७, दफा १७६)
- बालविवाह हुन लागेको देखेमा वा थाहा पाएमा तुरुन्त प्रहरी कार्यालयमा उजुरी गर्नु पर्दछ ।
- बालविवाहसँग सम्बन्धित सामाजिक कार्य जस्तैः जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र अरुलाई पनि सहभागी नहुन प्रोत्साहन गर्ने ।
- घरपरिवार, समुदाय, समाजमा सहमति विपरित वा उमेर नपुगी विवाहको बारेमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय तहलाई यस किसिमका अपराध रोकथामका लागि जिम्मेवार र जवाफदेही बनाउन पैरवीमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाह तथा सहमति विपरितको विवाह रोकथामका लागि नेपाल प्रहरी लगायत सम्बन्धित निकायहरुमा खवर गर्ने ।

**बालविवाह गरे वा गराएमा के असर हुन्छ ?**
- विवाह गर्ने उमेर नपुगी विवाह गर्दा बालबालिकामा विभिन्न किसिमका शारीरिक तथा मानसिक असर पर्छ ।

**"बालविवाहको विरुद्धमा बोल्नु र त्यसको प्रतिकार गर्नु भनेको बालअधिकारको सुनिश्चित गर्नु हो ।**
**बालविवाहको विरुद्धमा डटेर आवाज उठाउनु हामी सबैको कर्तव्य हो ।"**

**जनहितमा जारी सन्देश**
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
**मधेश प्रदेश, जनकपुरधाम**

# बजार व्यवस्थित नहुँदा सडकमै आँप किनबेच



सिरहा ।
आँपको राजधानी मानिने सिरहाको लहानमा आँप बिक्रीवितरण गर्ने व्यवस्थित ठाउँ नहुँदा व्यापारी र उपभोक्ताहरु सडकमै किनबेच गर्न बाध्य छन् । असार र साउन आँपको सिजन भएकाले यतिबेला लहानको मुख्य बजारअन्तर्गत पर्ने पूर्व—पश्चिम राजमार्गको सडक किनारमा आँप खरिद बिक्री गर्नेको भीड लाग्ने गरेको छ । सडक किनारमा आँप बिक्री वितरण गर्दा सवारी आगमनमा असर परेको छ । दुर्घटनाको जोखिम उत्तिकै बढेको स्थानीयवासी बताउँछन् । 'दिनानुदिन आँप व्यापारीहरुले सडक क्षेत्र मिचेका छन् । यसले गर्दा सवारी आगमनमा समस्या भई दुर्घटनाको जोखिम बढिरहेको छ' जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख डम्बरबहादुर पुरीले भने, 'व्यापारीलाई हामीले कारबाही गर्न मिल्दैन । स्थानीय बजार व्यवस्थापनको जिम्मेवारी पालिकाको भएकाले लहान नगरपालिकासँग समन्वय गरी सवारी आगमन सहज बनाउन पहल गरिरहेका छौँ ।'
स्थानीय व्यापारीहरु भने आँप खरिद बिक्रीका लागि व्यवस्थित ठाउँ नतोकिँदा सडक पेटीमै बसेर बिक्रि गर्न बाध्य भएको बताउँछन् । 'आँप बिक्री गर्ने उपयुक्त ठाउँ तोकिएको भए त्यहाँ राखेर बिक्री गर्नुहुन्थ्यो । सडक पेटीमा बसेर आँप बेच्न नगरपालिकालाई कर तिरिरहेका छौँ' स्थानीय व्यापारी रविन महतोले भने । उनले नगरपालिकाले व्यवस्थित ठाउँ बनाई दिए सहज हुनेसमेत बताए ।
स्थानीय उत्पादनलाई प्रवर्द्धन र किसानलाई प्रोत्साहन गर्न लहानमा उत्पादित आँपको 'ब्रान्डिङ' शुरु गरिएको छ । आँपको सङ्कलन, 'ग्रेडिङ', 'प्याकेजिङ', 'ब्रान्डिङ' तथा बजारीकरण गरी लहानको आँपलाई नेपाली बजारमा पहिचान दिलाउने र उपभोक्ताले विषादीरहित शुद्ध आँप उपभोग गर्ने वातावरण मिलाइरहेको नगरपालिकाले जनाएको छ, तर स्थानीय बजार व्यवस्थापन गर्न नसक्दा व्यापारी, उपभोक्ता तथा यातुले समस्या खेप्नु परेको नगरपालिकाका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाईले बताए । 'नजिकै खाली जग्गा नहुँदा समस्या भएको छ' प्रमुख हलुवाईले भने, 'व्यवस्थित बजार बनाउन सम्भव भइरहेको छैन । हामी यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ भनेर उपाय खोजिरहेका छौँ । अहिले आँप खरिद बिक्रि भइरहेको ठाउँलाई पनि सडक क्षेत्रमा असर नपुग्ने गरी कम्तीमा दश फिट पछाडि सार्न सकिन्छ । त्यसका लागि पहल गरिरहेका छौँ ।'लहान बजारको उत्तरतर्फ खुट्टीखोला किनारमा नगरपालिकाले लामो समयदेखि हाटबजार सञ्चालन गर्दै आएको छ । प्रत्येक साताको सोमबार र शुक्रबार दुई दिन हाटबजार लाग्ने सो स्थान बढ्दो जनघनत्वसँगै साँघुरो भएको हो । त्यसैले पूर्व—पश्चिम राजमार्गमा तरकारी तथा आँप व्यापारीले सडक ढाक्ने गरेको स्थानीयवासी सन्तोष गुप्ताको भनाइ छ । नगरप्रमुख महेशप्रसाद चौधरीले पकेट क्षेत्रका रुपमा उत्पादन हुने लहानको आँप बजारलाई व्यवस्थापन गर्नुको विकल्प नरहेको बताए । 'हामीसँग राजमार्ग क्षेत्रमा सार्वजनिक जग्गा अभाव छ । निम्नवर्गका सर्वसाधारणले सडक क्षेत्रमै साना व्यवसाय गरेर आयआर्जन गर्ने गरेकाले व्यवस्थापनमा चुनौती देखिएको छ' मेयर चौधरीले भने, 'तसर्थ चाँडै सडकक्षेत्र मिचिएर राखिएका आँपको व्यवस्थापनका लागि ठोस नीति बनाएर उचित विकल्प दिने गरी अघि बढ्छौँ ।' रासस

# जेठसम्म पर्सामा २७ करोड बढीको सामान बरामद



**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले चालु आर्थिक वर्षको साउनदेखि जेठसम्मको अवधिमा करिब साढे २७ करोड रुपैयाँ मूल्य पर्ने बिलबिजक नभएका सामान बरामद गरेको छ । सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरी बलको सक्रियताले पछिल्लो समय दिनहुँजसो भन्सार छली गरेका तथा बिलबिजकमा भन्दा धेरै सामान ल्याएको सामग्री तथा उपकरण नियन्त्रणमा लिने क्रम ह्वात्तै बढेको हो । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरका गणपति राधेश्याम धिमालले आव २०७९/ ८० को तुलनामा चालु आवको ११ महिनाकै अवधिमा अवैध चोरी, निकासी, पैठारीबाट तीन करोड सात लाख ३५ हजार नौ सय ४१ रुपैयाँ मूल्य पर्ने सामान तथा उपकरण बरामद गरेको बताए ।
'भन्सार छली तथा चोरी पैठारी र बिलबिजकभन्दा धेरै सामान ल्याउनेलाई पक्राउ गरेर सम्बन्धित निकायमा बुझाउँदै आइरहेका छौँ' उनले भने, 'चोरी–तस्करी गरेर भित्र्याएको सामानलाई पक्राउ गरेर वीरगंज भन्सार कार्यालयलाई बुझाउँदै आइरहेका छौँ । बिलबिजक अनुसार नभएको सामान भने राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाउँदै आइरहेका छौँ ।' सशस्त्र प्रहरीले गत आवभरिमा भने २४ करोड ३८ लाख ४० हजार नौ सय ३१ रुपैयाँ मूल्य पर्ने अवैध सामान बरामद गरेको थियो । सशस्त्र प्रहरीले बरामद गरेको रेकर्ड हेर्दा सबैभन्दा धेरै चिसो पेयपदार्थ, लत्ताकपडा र प्याज र मेसिनरी पार्टपुजा धेरै तस्करी हुने गरेको देखाउँछ ।
गणपति धिमालले पर्सा जिल्लामा नेपाल भारत खुला सीमानाका भएकाले दुवै मुलुकमा चोरी तस्करी निमिट्यान्न पार्न नसकिए पनि नियन्त्रण गर्नका लागि अधिकत्तम प्रयास भने जारी राखेको बताए । 'हामीले आफूसँग भएको जनशक्तिलाई सीमा सुरक्षाको साथसाथै चोरी÷तस्करी नियन्त्रणका लागि खटाउँदै आइरहेका छौँ । जसको परिणामस्वरुप पनि गत आवको तुलनामा चालु आवको ११ महिनामा अवैध बरामद भएको सामान तथा उपकरणको रेकर्डले पनि देखाउँछ' उनले भने । सशस्त्र प्रहरी बलले चालु आवको ११ महिनाको अवधिमा बिलबिजक अनुसार नभएको १५ करोड ४० लाख ४५ हजार दुई सय ६२ रुपैयाँ मूल्य पर्ने सामान तथा उपकरण पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको छ । सोही अवधिमा भन्सार छली गरेर भित्रिएका १२ करोड पाँच लाख ३१ हजार छ सय १० रुपैयाँ मूल्य पर्ने सामान तथा उपकरण बरामद गरेर वीरगंज भन्सार कार्यालयमा बुझाएको जनाएको छ ।
सशस्त्र प्रहरी बलले गत आवभरिमा भने बिलबिजक अनुसार नभएको १२ करोड ९५ लाख ६६ हजार तीन सय १६ रुपैयाँ मूल्य पर्ने सामान तथा उपकरण पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको थियो । त्यस्तै गरी सोही वर्ष ११ करोड ४२ लाख ७४ हजार छ सय १५ रुपैयाँ मूल्य भन्सार छलीका सामान तथा उपकरण जफत गरेर वीरगंज भन्सार कार्यालयमा दाखिला गरेको जनाएको छ । गणपति धिमालले चोरी तस्करी नियन्त्रण गर्नका लागि सक्रियतापूर्वक काम गर्दै आइरहेको बताए । 'पर्सा जिल्लामा एक सय सात किलोमिटर क्षेत्रफल भारतसँग सीमा जोडिएको छ । सीमित स्रोतसाधनको बाबजुत पनि हामीले चोरी तस्करी नियन्त्रणको प्रयास गर्दै आइरहेका छौँ' उनले भने । सशस्त्र प्रहरी सीमानाकामा सिसी क्यामेरालगायतका उपकरण जडान गरेर तस्करी नियन्त्रणको लागि प्रयास गर्दै पनि आइरहेको जनाएको छ । त्यस्तै गरी सीमानाका क्षेत्रमा दुई पटक स्वास्थ्य शिविर पनि सञ्चालन गरिसकेको छ । रासस

# स्रोत नखुलेको १२ लाख रकमसहित एक पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी पर्साले हुण्डीको १२ लाख रुपैयाँसहित एक जना पक्राउ परेका छन् । सोमबार वीरगंज महानगरपालिका वडा नम्बर–१६ भन्सार चेकप्वाईन्टबाट प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको सशस्त्र प्रहरीको टोलीले १२ लाख रुपैयाँ हुण्डीको रकम र मोटरसाइकलसहित एक जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर–७ जितपुर टोल बस्ने अन्दाजी बर्ष ३८ को छठु महतो कोईरीलाई रहेको प्रहरीले जनाएको छ । रक्सौलबाट प्रदेश २–०३–०२० प ४२२२ नं.को मोटरसाइकलमा वीरगंजतर्फ आउदै गर्दा चेकजाँच गर्ने क्रममा उनले प्रयोग गरेको हेल्मेट भित्र लुकाई छुपाई राखेको १२ लाख रुपैंयाको स्रोत नखुलेपछि बरामद रकम र मोटरसाइकलसहित प्रहरीले नियन्त्रणमा लिएको हो । आवश्यक कारवाहीका लागि वीरगंज भन्सार कार्यालय बुझाइएको सशस्त्र प्रहरी बल नम्बर १३ गण हेडक्वाटर पर्साका सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले जानकारी दिए ।

# मैथिली विकास कोषको भवन निर्माण अन्तिम चरणमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको जनकपुरधाममा मैथिली भाषा, साहित्य तथा संस्कृतिको उत्थानमा क्रियाशील रहेका मैथिली विकास कोषको सुविधा सम्पन्न भवन निर्माण अन्तिम चरणमा पुगेको छ । सङ्ग्रहालयसहितको उक्त भवन निर्माणको काम अन्तिम चरणमा पुगेको कोषका अध्यक्ष जीवनाथ चौधरीले जानकारी दिए । जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर ८ ज्ञानकूप संस्कृत नमूना माध्यमिक विद्यालयको अगाडि तथा धार्मिकस्थलको रुपमा रहेको विहारकुण्डको पश्चिममा कोषको आकर्षक भवनको निर्माण अन्तिम चरणमा पुगेको हो ।
मधेश प्रदेश सरकारको सात करोड रुपैयाँको लगानीमा निर्माण भएको चार तल्लाको आकर्षक भवनमा मिथिला क्षेत्रको संस्कृति झल्किने सङ्ग्रहालय, तीन सय जना अटाउने सभाहल तथा नाटक घर, पुस्तकालय, अडियो भिडियोको निर्माण गर्ने स्टुडियो, साना साना सभा हलसहितका पूर्वाधारहरू भवनमा खडा गर्ने गरिने कोषले जनाएको छ ।
भवनको निर्माण अन्तिम चरणमा पुगेको र साउन भित्रमा रङ्गरोगन गर्ने, ढोका तथा धारा एवं शौचालयहरूको काम सम्पन्न गरिने गरि कामदारहरू परिचालन भएको छ । जनकपुरधामको ऐतिहासिक महत्वको सीताकुण्डको जग्गा लिजमा लिएर निर्माण भएको मिथिला संस्कृति भवन पूर्ण रुपमा भूकम्प प्रतिरोधी रहेको बताइएको छ । जनकपुरधामको सांस्कृतिको संरक्षण तथा प्रवद्र्धनका लागि सो भवनको निर्माणले मद्दत पुग्ने विश्वास गरिएको छ ।

# वर्षा नहुँदा धानको बीउ सुक्न थाल्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
लामो समयदेखि वर्षा नहुँदा पर्सा जिल्लाका किसानहरूले रोपेका धानका बीउ सुक्न थालेका छन् ।
अगहनी धानखेतीको लागि खेतमा रोपिएको बीउ अहिले तयारी हुनुपर्नेमा पानी नपर्दा खेतमैं बीउ सुक्न थालेको किसानहरुले गुनासो गरेका छन् ।
बीउहरू खेतमैं सुक्न थालेका र धानखेती कसरी गर्ने भन्ने चिन्ताले किसानहरुलाई सताएको छ । कतिपय किसानले पम्पिङसेटको प्रयोग गरेर धानको बीउ जोगाउने प्रयास गरिरहेका छन् । पम्पिङसेटबाट पानी पठाउँदा धानको बीउलाई बचाउन मात्र सकिने तर उत्पादन भने नबढने कृषि प्राविधिकहरुको भनाइ छ । खासगरी नेपालको अन्न भण्डार मानिने मधेश प्रदेशमा सिंचाईको र बीउ बिजनको स्तरीय व्यवस्था हुन नसक्दा किसानहरुले बर्सेनि सास्ती भोग्दै आएका छन् । प्रत्येक वर्ष दोहोरिने किसानका समस्याका बारेमा राज्य संयन्त्र गम्भीर बन्न नसकेको किसान अगुवाको बताउँने गरेका छन् ।

# शवदाह गृह बनाउन उपमेयरद्वारा जग्गादान



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मध्यभाग गरुडा नगरपालिकाकी उपमेयर पुनम चौधरीले आफ्नो स्वर्गीय श्रीमानको नाममा शवदाह गृह निर्माण गराउनका जग्गादान गरेकी छन् । गरुडा नगरपालिका वडा नम्बर ४ स्थित चाँदी खोला किनारमा स्वर्गीय मनोज चौधरीको नामबाट शवदाह गृह निर्माणको लागि उपमेयर चौधरीले २ कठा १० धुर जग्गाको जग्गा दान गरेकी हुन् । सोमवार उनले जग्गाधनी प्रमाणपत्र लालपुर्जा गरुडा नगरपालिका वडा नम्वर ४ लाई हस्तान्तरण गरेकी हुन् । सो क्षेत्रमा शवदाह गृहको आवश्यक्ता महसुस गर्दै उपमेयर चौधरीले जग्गा दान गरिएको बताइन् । कोरोनाको समय अल्पआयुमै मृत्यु भएका मनोज कुमार चौधरीको नामबाट शवदाह गृह बनाएर सधैको लागि उनको नाम अमर बनाउँने उद्देश्यले जग्गाधनी पुर्जा गरुडा नगरपालिकाको मेयर कन्थमणि जयसवालको रोहवरमा वडा ४ का अध्यक्ष सुनिल जयसवाललाई हस्तान्तरण गरिएको उपमेयर चौधरीले बताइन् । स्वर्गिय चौधरी सञ्चार क्षेत्रमा समेत आवद्ध रहेका थिए ।

# रौतहटका चौधरी लागु औषधसहित पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गुजारा नगरपालिका घर भएका एक जना चौधरी थरका युवकलाई नागढुंगामा प्रहरीले लागु औषधसहित पक्राउ गरेको छ । काठमाडौं जानेक्रममा चन्द्रागिरी नगरपालिका वडा नम्बर २ नागढुङ्गाबाट लागु औषध नाईट्राभेट १ सय ६० ट्याब्लेटसहित उनलाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा रौतहटको गुजरा नगरपालिका वडा नम्बर ९ सिमरा भवानीपुर बस्ने २४ वर्षीय अरूण कुमार चौधरी रहेको प्रहरीले जनाएको छ ।
प्रहरी प्रभाग नागढुङ्गा र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नागढुङ्गाबाट खटिएको संयुक्त टोलीले चौधरीलाई सोमबार दिउँसो पक्राउ गरेको हो । रौतहटको सदरमुकाम गौरबाट काठमाडौंतर्फ जाँदै गरेको बा.प्र.०३–००१ख २९६१ नम्बरको बसमा चेकजाँच गर्ने क्रममा चौधरी पक्राउ परेको प्रहरीले जनाएको छ । घटना सम्बन्धी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# उखु किसानलाई १ अर्ब ६१ करोड भुक्तानी



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको गौशाला नगरपालिका–१ रामनगरमा रहेको एभरेस्ट सुगर मिलले उखु किसानको रकम भुक्तानी दिएको छ । एभरेस्ट सुगर मिलका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरले उखु किसानलाई एक अर्ब ६१ करोड १० लाख ६३ हजार रुपैयाँ भुक्तानी बुझाएको जानकारी दिए । उनका अनुसार उक्त भुक्तानी १४ हजार पाँच सय किसानलाई दिइएको हो । 'चालु आर्थिक वर्षमा बक्यौता समयमै भुक्तानी भएपछि किसानहरु उत्साहित छन् । मिलले चालु आर्थिक वर्षमा महोत्तरी, धनुषा, सर्लाही र रौतहटका १४ हजार चार सय ४४ जना किसानहरूबाट २९ लाख चार हजार पाँच सय ११ क्विन्टल उखु खरिद गरेर कूल दुई लाख ६४ हजार चार सय ९१ क्विन्टल चिनी उत्पादन गरेको महाप्रबन्धक ठाकुरले जानकारी दिए ।

*मस्तिष्क नै त्यो भूमी हो जसले स्वर्गलाई नरक र नरकलाई स्वर्ग बनाउन सक्दछ । – जोन मिल्टन*

## सम्पादकीय

# रोकिएनन् विदेशिने

*उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले आफूहरु सत्तामा गएपछि विदेशमा भएका नेपालीलाई टिकट काटेर बोलाइने बताएका थिए । यो नयाँ र जान्नेहरुले जनतामा छान्ने अवस्थामा दिएको मिठो नारा थियो । यही नारामा भर गरेर जनताले रवि लामिछानेलाई दुई पटक र उपनिर्वाचनमा पनि अरु एक पटक नयाँ र जान्नेहरुको पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई जिताए । तर तर उनीहरु सत्तामा पुगेपछि पनि देश र युवाको अवस्था उस्तै रह्यो । बरु रास्वपा सरकारबाट फर्किने अवस्थामा पुग्नै लाग्यो भनेर दख काट्न थालिएको छ । तर विदेशिएकाहरु फर्कने त परको विषय भएकाहरु पनि लगातार विदेश गइरहेको डरलाग्दो तथ्यांक बाहिरिएको छ । यो तथ्यांकले भन्छ, देशमा सम्भावनाहरु अत्यन्त खुम्चिँदै गएका छन् । सबैले युवा र वैदेशिक रोजगारी अन्त्यलाई चुनावी नारामा सीमित पारेका छन् । सत्तामा पुगेपछि यो विषय गौण बन्छ । त्यसैले क्रान्तिकारीहरु पनि जान्नेहरु पनि सत्तामा पुग्दा युवाका दिन फिरेनन् र वैदेशिक रोजगारीको आँकडा घटेन, बढिरह्यो ।*

*चालु आर्थिक वर्षको ११ महिनामा ६ लाख २ हजार वैदेशिक रोजगारीमा गएका छन् । २०० साउनदेखि २०८१ जेठ मसान्तको आँकडामा वैदेशिक रोजगारीमा जाने ६ लाख ८२ हजार ३ सय ८६ नेपालीको पहिलो गन्तव्य भन युएइ भएको छ । जबकि हामी अष्टे«लिया र अमेरिका जानेहरुको चर्चा बढी गरिरहेका छन् । वैदेशिक रोजगार विभागले जेठमा ७२ हजार ६ सय ८१ ले रोजगारीका लागि विदेश गएको तथ्य सार्वजनिक गरेको छ । ६४ हजार ८ सय ८६ पुरुष र ७ हजार ९ सय ७५ महिला विदेशिएका छन् । यो क्रम नयाँ वर्ष वैशाखमा ७० हजारको हाराहारीमा थियो । अघिल्लो आर्थिक वर्षमा ७ लाख ७१ हजार नेपाली विदेशिएका थिए । चैतयता प्रत्येक महिना ७० हजार हाराहारीमा नेपाली वैदेशिक रोजगारीमा गइरहेका छन् । यो हिसाबले यो वर्ष पनि साढे सात लाख नेपाली बाहिरिएको देखिनेछ । अधिकांशको पहिलो र प्रमुख गन्तव्य खाडी मुलुक बनेको छ । यूएई पहिलो श्रम गन्तव्य हो भने जेठसम्ममा १ लाख ७४ हजार ९ सय १७ ले श्रम युएइका लागि श्रम स्वीकृति लिएका छन् । जेठसम्ममा ८७ हजार मलेसिया गएका छन् । यस्तै, कतारमा ११ हजार ९ सय ७३, साउदी अरबमा १३ हजार ३ सय ६६ र कुवेतमा ३ हजार ४ सय ३२ रोजगारीका लागि पुगेका छन् ।*

*पछिल्लो समय नेपाली श्रमिकको नयाँ गन्तव्य युरोप पनि बन्न थालेको छ । जेठमा क्रोएसियामा २ हजार ९ सय २२, रोमानियामा १ हजार ९ सय ४६, साइप्रसमा ८ सय ९९, माल्टामा २ सय १ र प्रोचुगलमा १ सय ३९ रोजगारीका लागि गएका छन् । खाडी राष्ट्रका तुलनामा सेवासुविधा र श्रमिकमैत्री कानुन भएकाले पनि युरोप नेपालीको आकर्षक गन्तव्य बनिरहेको छ । चालु आर्थिक वर्षको साउनमा ५५ हजार ५ सय ७५, भदौमा ५० हजार ८ सय ८४, असोजमा ५६ हजार २ सय ३५ र कात्तिकमा ४३ हजार ६ सय २२ जना रोजगारीका लागि विदेशिएका छन् । यस्तै, मंसिरमा ६ हजार २ सय १ र पुसमा ६५ हजार ८ सय १३ नेपाली विदेश गए । माघमा ६२ हजार १ सय ४७, फागुनमा ६५ हजार ६ सय ५८, चैतमा ७० हजार ९ सय ३३, वैशाखमा ७० हजार ६ सय ३७ र जेठमा ७२ हजार ६ सय ८१ जना रोजगारीका लागि विदेशिएका छन् ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# कर प्रणाली सुधार गर्नसके ३ खर्ब राजस्व थपिन्छ

– हेमन्त जोशी

> *‘अबको पाँच वर्षभित्रमा सबै प्रकारका कर छुटका प्रबन्ध खारेज गर्नुपर्दछ । प्राकृतिक विपत्ति, महामारी, काबु बाहिरको परिस्थिति सिर्जना भएमा र समष्टिगत आर्थिक सङ्कटहरू देखिएको अवस्थामा मात्र सरकारले कानुन बनाएर कर छुट दिनसक्ने गरी व्यवस्था गर्ने र हाल अभ्यासमा रहेका आर्थिक ऐनबाट दिइने सबै प्रकारका राजस्व छुटको व्यवस्थालाई हटाउनु पर्दछ’*

कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिले सरकारलाई बुझाएको प्रतिवेदनले मुलुकको विद्यमान कर प्रणाली सुधार गर्न सके करिब तीन खर्ब रुपैयाँ राजस्व थपिने देखाएको छ । विभिन्न वस्तुमा दिइएको मूल्य अभिवृद्धि कर (भ्याट) छुट खारेज गरिनुपर्ने, आयकरको स्लाब संशोधन गर्नुपर्ने, स्वास्थ्यमा हानी गर्ने वस्तुबाहेकको अन्तःशुल्क हटाउनुपर्ने, हरित कर लगाइनुपर्ने, सामाजिक सुरक्षा करमा परिमार्जन गर्नुपर्ने, नगद भुक्तानीको सीमा घटाएर डिजिटल भुक्तानीको सीमा बढाइनुपर्नेलगायत सुझाव समितिले दिएको हो । सरकारको विसं २०८० भदौ २९ गतेको निर्णयानुसार विद्याधर मल्लिकको अध्यक्षतामा गठन भएको चार सदस्यीय समितिले गत फागुनमा प्रतिवेदन बुझाएको थियो ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको उक्त प्रतिवेदनअनुसार कर प्रणाली सुधारका लागि स्थायी बोर्ड गठन, प्रभावकारी न्याय निरुपण संयन्त्र निर्माण, विभिन्न कानुनी, नीतिगत तथा प्रक्रियागत सुधारलगायत सुझाव आएका छन् । कर प्रणाली सुधारका लागि सिफारिस गरिएका सुझावको प्रभावकारी कार्यान्वयनका लागि राजस्व सचिवको संयोजकत्वमा एक कार्यान्वयन सहजीकरण तथा अनुगमन इकाई स्थापना गर्ने प्रस्ताव समितिले गरेको छ । समितिले तयार पारेको कार्ययोजनामा उल्लिखित सुधारहरू कार्यान्वयन हुन सकेमा कर प्रणालीमा सुधार भई सरकारले प्रक्षेपण गरेको भन्दा करिब दुई खर्ब ९१ अर्ब रुपैयाँ थप राजस्व सङ्कलन हुने प्रतिवेदनमा उल्लेख छ । समितिमा लक्ष्मण अर्याल, प्रा डा रामप्रसाद ज्ञवाली र श्यामप्रसाद दाहाल सदस्य थिए । कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिका अध्यक्ष विद्याधर मल्लिक पर्याप्त अध्ययन र क्षेत्रगत रुपमा हिसाब गरेरै करिब तीन खर्ब रुपैयाँको राजस्व थप गर्न सकिने सम्भावना प्रतिवेदनमा राखिएको बताउँछन् ।

‘आयकर, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, भन्सारलगायतका कुन क्षेत्रमा कति राजस्व उठाउन सक्ने सम्भावना छ भनेर हिसाब गरेरै यो तथ्याङ्क राखिएको हो’ अध्यक्ष मल्लिक भन्छन्, ‘विभिन्न कर छुट खारेज गरिनुपर्ने सुझाव समितिले दिएको छ । यो कठिन कार्य भएपनि असम्भव होइन ।’ आगामी आर्थिक वर्ष २०८१÷८२ को बजेट वक्तव्यको बुँदा नम्बर तीन सय १९ मा कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन कार्यान्वयन गर्दै लगिने उल्लेख छ । सरकारको यो प्रतिवद्धताले ढिलो चाँडो प्रतिवेदन कार्यान्वयन हुनेमा आफु आशावादी रहेको अध्यक्ष मल्लिक बताउँछन् । ‘प्रतिवेदनले दिएका सुझाव एकैपटक कार्यान्वयनमा लैजानुपर्छ भन्ने पनि होइन । सरकारले कार्यान्वयन गर्छु भनेको छ । तीनदेखि पाँच वर्षभित्र कार्यान्वयन गर्नसके राम्रो नतिजा देखिन्छ’ उनले भने ।

समितिका सदस्य एवम् पूर्व सचिव लक्ष्मण अर्याल प्रतिवेदनमार्फत् दिइएका सुझाव कार्यान्वयन गर्न सके तत्काल करिब तीन खर्ब रुपैयाँ थपिने दाबी गर्छन् । ‘यो प्रतिवेदन कार्यान्वयनमा गयो भने अहिलेकै अवस्थामा करिब तीन खर्ब रुपैयाँ राजस्व थपिने देखिएको छ । दीर्घकालमा अझ बढी थपिन्छ । त्यो कसरी र कहाँबाट सम्भव छ भनेर प्रतिवेदनमा स्पष्टरुपमा उल्लेख छ’ उनले भने । प्रतिवेदन कार्यान्वयनका लागि राजस्व सचिवको संयोजकत्वमा कार्यान्वयन सहजीकरण तथा अनुगमन इकाई स्थापना गर्ने प्रस्ताव समितिले गरेको भए पनि सरकारले यस्तो संयन्त्र हालसम्म बनाइसकेको छैन । त्यस्तै, स्थायी प्रकृतिको स्वायत्त राजस्व बोर्ड गठन गर्ने, करसम्बन्धि न्यायिक निरुपणका लागि छुट्टै संयन्त्र स्थापना गर्नुपर्ने, कर




प्रशासनसँग सम्बन्धित कामहरु राजस्व समूहका कर्मचारीमार्फत् गर्नेलगायतका सुझाव समितिले दिएको छ ।

नेपालको भ्याटको दर विश्वको औसत भ्याटदर भन्दा कम भए पनि आगामी पाँच वर्षसम्म यो एकल दरलाई स्थिर राख्ने एवं कर छुटको अनुसूचीमा रहेका वस्तु र सेवाको पुनरावलोकन गरी कर छुट हटाई कराधारको विस्तार गरिनुपर्ने सुझाव समितिले दिएको छ । हाल भ्याटमा कूल कर छुट करिब दुई खर्ब रुपैयाँ बराबर देखिएकोले तत्कालै समयवद्ध रुपमा कर छुटको प्रणालीलाई न्यून करका दर र केही वस्तु तथा सेवामा कर खर्च प्रणालीमा लैजाने व्यवस्था गरिनुपर्ने समितिको प्रतिवेदनमा उल्लेख छ । ‘अबको पाँच वर्षभित्रमा सबै प्रकारका कर छुटका प्रबन्ध खारेज गर्नुपर्दछ । प्राकृतिक विपत्ति, महामारी, काबु बाहिरको परिस्थिति सिर्जना भएमा र समष्टिगत आर्थिक सङ्कटहरू देखिएको अवस्थामा मात्र सरकारले कानुन बनाएर कर छुट दिनसक्ने गरी व्यवस्था गर्ने र हाल अभ्यासमा रहेका आर्थिक ऐनबाट दिइने सबै प्रकारका राजस्व छुटको व्यवस्थालाई हटाउनु पर्दछ’ प्रतिवेदनमा भनिएको छ ।

स्वास्थ्य तथा वातावरणलाई हानी तथा प्रकृतिजन्य वस्तुको संरक्षणका लागि अन्तःशुल्क वृद्धि गर्ने र अन्य वस्तुमा लागेको अन्तःशुल्क क्रमशः हटाउँदै जाने नीति लिइनुपर्ने सुझाव समितिको छ । कार्बन उत्सर्जन गर्ने, अतिरिक्त अन्तःशुल्क लाग्ने वस्तु तथा सेवामा हरित करको अवधारणा बमोजिम प्रणालीको विकास गर्ने र अन्तःशुल्क लागेका वस्तुलाई हरित करको क्षेत्रमा लैजानुपर्ने सुझाव छ । आर्थिक विधेयक २०८१ मार्फत् सरकारले पेट्रोलियम तथा कोइलाजन्य वस्तुको आयातमा हरित कर लगाउन सुरु गरिसकेको छ । मुलुकको आर्थिक अवस्थामा सुधार आएसँगै आयकरका दर घटाउन पनि समितिले सुझाव दिएको छ । ‘संस्थागत आयकरको दरलाई प्रत्येक वर्ष एक प्रतिशतले कम गरी हालको २५ प्रतिशतबाट २० प्रतिशतमा ल्याई १० वर्षको लागि यो करको दर स्थिर राख्ने नीति घोषणा गर्नुपर्दछ’ प्रतिवेदनमा भनिएको छ, ‘व्यक्तिगत आयकरका तीनवटा दर कायम गर्नेगरी पुनरावलोकन गर्ने र व्यक्तिगत आयकरको अतिरिक्त कर (सरचार्ज) समेतको दर संस्थागत आयकरको दर भन्दा पाँच विन्दुले मात्र बढी कायम गर्नुपर्ने देखिन्छ ।’ मदिरा तथा सुर्तिजन्य र बैंक तथा वित्तीय संस्थालाई तोकिएको ३० प्रतिशतको संस्थागत करको दरलाई यथावत राखी यस वर्गमा रहेका अन्यको हकमा क्रमशः २५ प्रतिशतको दर कायम गर्नुपर्ने सुझाव आएको छ । त्यस्तै, निर्यातमूलक व्यापार तथा व्यवसायलाई आयकरको दर १० प्रतिशत र अन्य सबै व्यवसायको संस्थागत आयकरको दर २० प्रतिशत कायम गरिनुपर्ने प्रतिवेदनमा जनाइएको छ ।

प्राकृतिक व्यक्तिको ५० लाख रुपैयाँ भन्दा माथिको ब्याज, लाभाङ्श र दीर्घकालीन पुँजीगत लाभमा कर क्रमशः १० प्रतिशत पु¥याउनुपर्ने निष्कर्ष समितिको छ । धितोपत्र खरिद विक्रीको लाभमा तीन सय ६५ दिनभन्दा बढी अवधिको लागि साढे सात प्रतिशत र सो भन्दा घटी अवधिको हितको निसर्गमा १० प्रतिशत करको दर कायम गरिनुपर्ने एवं कूल कारोबारको दुई प्रतिशतका दरले न्यूनतम वैकल्पिक कर लगाउने व्यवस्था सुरु गर्न पनि सुझाव गरिएको छ । सामाजिक सुरक्षा करमा पनि परिमार्जन गर्न समितिले सरकारलाई सुझाव दिएको छ । ‘हाल कायम रहेको एक प्रतिशतको सामाजिक सुरक्षा करलाई खारेज गरी व्यक्तिगत करयोग्य आयमा छुट बापतको रकम घटाइ सुरुको १० वर्षसम्म तीन प्रतिशतबाट सुरु गरी त्यसपछि क्रमशः यसलाई पाँच प्रतिशतको दरले सामाजिक सुरक्षा योगदान कर लगाई दिगो रुपमा सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम सञ्चालन गर्नुपर्दछ’ प्रतिवेदनमा भनिएको छ ।

लगानीमैत्री कर प्रणाली, करको आधार एवं दायराको विस्तार र राष्ट्रिय कराधारको संरक्षणका लागि नेपालको कर प्रणालीमा सुधारको खाँचो औंँल्याइएको छ । ‘करका दर, कानुनी प्रबन्ध र कर प्रणालीका प्रक्रियागत व्यवस्थामा नीतिगत स्थिरता दिनुपर्ने देखिन्छ’ प्रतिवेदनमा उल्लेख गरिएको छ, ‘समानता कायम गर्ने, उच्च आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने कर नीतिको प्रमुख लक्ष्य निर्धारण गरी तदनुकूल सङ्घीय राजस्व नीति र दीर्घकालीन कर सुधारको समयबद्ध कार्य योजना बनाइ कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।’ अर्थतन्त्रको उत्पादन र उत्पादकत्वमा सुधार तथा कर तटस्थताको सिद्धान्तलाई अनुपालन गर्न पनि सरकारलाई सुझाव दिइएको छ । घरजग्गा, शेयर र विभिन्न सम्पत्तिको खरिद बिक्री एवं सम्पत्ति निसर्ग बमोजिमको वार्षिक कारोबार अङ्ग तथा कारोबारको पटक संख्याको सीमा निर्धारण गरी त्यस्तो बिक्री÷निसर्गबाट प्राप्त लाभलाई व्यावसायिक आय मानी करारोपण गर्न र प्राकृतिक व्यक्तिले वार्षिक ४० लाख रुपैयाँ भन्दाबढीको आयको अनिवार्य रुपमा आयविवरण दिने व्यवस्थाको अनुपालनामा जोड दिन सुझाव गरिएको छ ।

विद्यमान ११ तहको भन्सार दरलाई छ तहमा झार्ने र त्यसपछिका वर्षमा तीन चरणमा गरी शून्य, १० र २० स्लाबहरूमा सीमित राख्नुपर्ने समितिको सुझाव छ । सार्वजनिक संस्थानले जगेडा राख्नुपर्ने वैधानिक कोषको लागि आवश्यक रकम छुट्याइ बाँकी सबै रकम लाभाङ्श आयको रूपमा नेपाल सरकारले प्राप्त गर्न व्यवस्था मिलाउन पनि सरकारलाई समितिले सुझाएको छ । डिजिटल अर्थतन्त्रको विस्तार र यस क्षेत्रमा कराधारको विस्तारमा ध्यान दिइनुपर्ने प्रतिवेदनमा उल्लेख छ । ‘नेपाली कम्पनीले सफ्टवेयरलगायत विद्युतीय सेवा विदेशमा निर्यात गरेमा त्यस्तो कारोबारको आयमा आगामी दश वर्ष सम्मलाई निकासी सरहको दर कायम गर्ने, विदेशमा रहेका नेपालीले विकास गरेका सफ्टवेयर आदिको खरिदमा सरकारले प्राथमिकता दिने व्यवस्था गर्ने र विद्युतीय माध्यमबाट सिधैँ वस्तु तथा सेवाको आपूर्ति गर्ने गैर बासिन्दालाई नेपालमा अनिवार्य दर्ता गर्नुपर्ने प्रबन्ध मिलाउनुपर्दछ’, समितिको सुझावमा भनिएको छ, ‘विद्युतीय लाग्ने कर, मूल्य अभिवृद्धि कर र सूचना प्रवाहको आयतनको आधारमा विद्युतीय डाटा कर लगाउन र यस क्षेत्रमा लाग्दै आएको मौजुदा करको पुनःसंरचना गर्नुपर्दछ । अन्तर्राष्ट्रिय भुक्तानी गेट–वे प्रणालीलाई सहज बनाउने र मोबाइल वालेट तथा फोन पेको अधिकतम सीमा तत्कालै बढाइनुपर्छ ।’

अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन भुक्तानी कार्ड, विद्युतीय माध्यम र चेकबाट गरिने भुक्तानीलाई प्रोत्साहित गरी नगद भुक्तानी क्रमशः घटाउँदै लान भनिएको छ । ‘हालको दश लाखसम्मको नगद भुक्तानी गर्न पाउने रकमको सीमालाई पाँच लाखमा ल्याउनुपर्दछ । साथै, बैंकिङ कारोबारलाई प्रबद्र्धन गर्ने र बैंक खातामा अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिने गरी प्रबन्ध गर्नुपर्दछ’ सुझावमा भनिएको छ । कर प्रणालीको सुधार र सक्षमताको लागि राजस्व संरचना र प्रणालीमा तत्काल आवश्यकता टड्कारो रूपमा देखिएको सन्दर्भमा सङ्घीय राजस्व बोर्डको गठनको प्रक्रिया थाल्न ढिला भइसकेको समितिले औँल्याइएको छ । करदाता र सरकार दुवैकोहित संरक्षण गर्न सक्ने गरी कर विवादको स्थायी समाधान गर्ने संयन्त्रको स्थापना गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । रासस

# लोकतन्त्र प्रवचन र भाषण होइनः पूर्वसभामुख सापकोटा

**काठमाडौं ।**
पूर्वसभामुख अग्निप्रसाद सापकोटाले लोकतन्त्र भनेको प्रवचन र भाषण नभई दैनिक विधि र व्यवहारमा झल्कने विषय भएको बताएका छन् । उनले लोकतन्त्रको कुरा सबैले गर्दै आए पनि साँचो अर्थमा त्यसको स्थापित मूल्य, मान्यता र आदर्शप्रति कोही इमान्दार नदेखिएको प्रतिक्रिया दिए । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का प्रवक्ता सापकोटाले भने, 'लोकतान्त्रिक आचरणमा देखिनुपर्नेमा त्यसमा कमी छ । विचार, व्यवहार र सिद्धान्तमा बहस हुनुपर्छ । सही, गलत, हुने वा नहुने भन्नेमै पनि विचित्र स्थिति छ । प्रियतावादको दबदबा छ ।' माओवादी जनयुद्धमा भूमिगतरुपमा राजनीतिक फाँटको जिम्मेवारी सम्हाल्दै तत्कालीन वार्ता टोली सदस्यसमेत रहेका सापकोटा विगतमा सञ्चार तथा सूचना प्रविधि र वन तथा वातावरणमन्त्री भई कार्य सम्पादन समेत गरे । प्रस्तुत छ, कानुन निर्माण र समसामयिक विषयमा केन्द्रित रही माओवादी केन्द्रका उपाध्यक्ष सापकोटासँग राससले समसामयिक विषयमा केन्द्रित रही गरेको कुराकानीको सम्पादित अंश :




**अहिले मुलुकमा भइरहेको राजनीतिक अभ्यासलाई तपाईंले कसरी हेर्नुभएको छ ?**

– संसद्मा एउटै पार्टीको मात्र बहुमत छैन, त्यसको अनिवार्य परिणति भनेको गठबन्धन सरकार हो । समीकरण फेरिरहेको छ, तर यो जटिलताका बीचबाट पनि गठबन्धनको अभ्यास जारी छ । गठबन्धन संस्कृतिमा हामी धेरै अभ्यस्त छैनौं । कतिपय राष्ट्रिय मुद्दामा सहमति कायम गरी सबैलाई सन्तुलित ढङ्गले लैजान सक्नुपर्छ । कतिपय अवस्थामा पार्टीका स्वार्थ टकराउँदा अस्थिरजस्तो हुन्छ । अर्कातर्फ मुलुकमा अर्थतन्त्रको विषम जटिलताको चुनौतीबीच पनि सरकार ठिकै ढङ्गबाट अघि बढिरहेको छ ।

**राजनीतिक दल र सांसदको मुख्य जिम्मेवारी विधि निर्माणमा कार्यसम्पादन कमजोर रह्यो भन्ने आरोपलाई कसरी लिनुहुन्छ ?**

– संसद्को मुख्य काम गुणात्मक विधि निर्माण हो । तत्कालीन परिस्थितिमा राष्ट्रले निर्धारण गरेको चेतनामा निर्भर रही कानुन तर्जुमा हुन्छ । त्यो आफैं प्राप्त नभई निरन्तरको सचेत प्रयत्नबाट हुने विषय हो । अहिले संसद्ले प्रभावकारी काम गर्न सकेको छैन । संसद् जीवन्त, गतिशील, जनमुखी हुन सकेन । राजनीतिक परिवर्तनको सर्वाधिक महत्वपूर्ण उपलब्धि भनेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र र समाजवाद उन्मुख राज्य व्यवस्थालाई लिनुपर्छ ।
संविधानमा लिपिबद्ध गरिएका विचाराधारा, मान्यता र आदर्श स्थापित गर्न राजनीतिक दलभित्र लोकतान्त्रिक आचरण परिस्कृत हुनुपर्नेमा भएको छैन । त्यसको प्रभावका रुपमा कानुन निर्माणमा निकै ढिलो र कमजोरी भएको छ । सदनमा स्तरीय छलफल हुन सकेन । संसद् भनेको देशको आत्मा हो । संसद्ले देशलाई दिशानिर्देश गर्दै सुशासनका लागि शक्तिशाली सन्देश दिनुपर्छ । संसद्ले बहुआयामिक भूमिका खेल्नुपर्छ । अहिले सदनतिरको बहस हेर्दा आशा जगाउने र जनभावना समेट्ने खाले नभई प्रतिक्रियात्मक मात्र छ । सदनको हालको स्थितिलाई बदल्न प्रधानमन्त्री, सभामुख र प्रतिपक्षले यो थलोलाई जीवन्त र जनमुखी बनाउन भूमिका खेल्नुपर्छ ।

**अहिले भइरहेको संसदीय प्रक्रियागत झञ्झटिलो बहस र खर्चनु परेको समय लागतअनुरुप परिणाम दिन सकेन भनिएको छ, यसमा विगतका अनुभवका आधारमा टिप्पणी गर्नुहुन्छ ?**

– सविधान संशोधनका कुरा उठाइहँदा पहिलो कुरा अभ्यास नै राम्रो भएको छैन । छलफलका निष्कर्षलाई कार्यान्वयन गर्न सकिने ढङ्गबाट सदनमा बहस हुनुपर्छ । त्यसमा अलि बढी ध्यान दिनुपर्छ । हाम्रा छलफल र बहस प्रक्रियामुखीभन्दा बढी नतिजामुखी हुनुपर्छ । त्यसका लागि सबै राजनीतिक दलबीच राष्ट्रिय मुद्दामा न्यूनतम् साझा धारणा र दृष्टिकोण हुनुपर्छ भन्ने लाग्छ ।

**नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) परिवर्तनका संवाहक भएकाले उनीहरु मिल्दा मात्रै देश र जनहित हुन्छ, तर बेमेल भइरहेको छ किन ?**

– नेपाली जनताको इच्छा, आकाङ्क्षा र आवश्यकताका आधारमा जनबलमा गणतन्त्र आएको हो । यो बिस्तारै नयाँ दिशाबाट समुन्नतितर्फ अघि बढ्नुपर्छ । समाजवाद अर्थात् सबैका लागि समृद्धि भन्ने हो । राष्ट्रिय जीवनका हरेक पक्षको खोज र अनुसन्धानको विषय निकै महत्वपूर्ण हुन्छ । त्यसमा पनि सबैभन्दा बढी राजनीतिकर्मीलाई अनुसन्धानलाई अनिवार्य बनाउन आवश्यक छ । नवप्रवद्र्धनको युग छ ।
त्यसबाट खोज, अनुसन्धान, अन्वेषण भएपछि दार्शनिकी बन्छ । त्यसपछि विचार, सिद्धान्त, दृष्टिकोण, रणनीति, नीति, कार्यनीति, कार्ययोजना हुँदै कार्यक्रम बन्छ । हरेक दलका बेग्लाबेग्लै सिद्धान्त, नीति तथा कार्य नीति हुने भएकाले सबैको समेटेर राष्ट्रिय विचार बन्नुपर्नेमा त्यसखाले साझा दृष्टिकोण बनेन । जो अनिवार्य छ, त्यसमा अझै दल र नेताहरुको ध्यान गएको छैन । लोकतन्त्रको कुरा त सबैले गरेका छन्, तर साँचो अर्थमा त्यसको मूल्य, मान्यता र आदर्शप्रति इमान्दार देखिन्न । त्यो व्यवहारमा झल्कनुपर्छ ।
लोकतन्त्र भनेको प्रवचन र भाषण गर्ने विषय होइन । त्यो दैनिक विधि र व्यवहारमा झल्कनु पर्‍यो । लोकतन्त्र आचरणमा देखिनुपर्छ, त्यसमा कमी छ । विचार, व्यवहार र सिद्धान्तमा बहस हुनुपर्छ । अहिले प्रियतावादको दबदबा छ । अर्कातर्फ ह्रासवाद अर्थात् के सही, के गलत, के हुने र के नहुने भन्ने विचित्रको स्थिति देखिन्छ । यी सबैलाई ठीक मार्गमा लैजाने भनेको विचारको बहस मात्रै हुन सक्छ । तपाईंहरु अनुशासित हुनुपर्छ भनेर अब विज्ञान र प्रविधिको यो स्तरको चमत्कार भएका बेला चेतनाले मात्रै सबै जनतालाई एउटा मार्गमा लैजान सकिन्छ त्यसको कमी छ ।

**क्रान्तिकारी र परिवर्तनकारी सरकारको नेतृत्व छ, तर सुशासन कमजोर, भ्रष्टाचार बढ्दो छ किन भन्ने प्रश्नमा तपाईंको दृष्टिकोण के रहेको छ ?**

– यसमा राजनीतिक दलका नेता, सरकारको नेतृत्व र कर्मचारीतन्त्रलाई जोडेर हेरिनुपर्छ । उनीहरु राष्ट्रिय सवालमा देश र जनहितमा समर्पित हुनुपर्छ । गणतन्त्र नयाँ हो, हाम्रा संस्कार, संस्कृति, बानी, व्यहोरा, विचार र व्यवहार पुरानै छ । जसरी व्यवस्था परिवर्तन भयो, हाम्रा ती संस्कार परिवर्तन हुनुपर्ने थिए । पुरानाकै असर र प्रभाव परिरहेको छ । त्यो अन्त्य गर्न राज्य सञ्चालक र दलका नेतृत्वमा दूरदृष्टि, इच्छाशक्ति, प्रतिबद्धता आवश्यक छ । राष्ट्रलाई कता लैजाने भन्ने राष्ट्रिय सवालमा सम्भव भएसम्म सबै पार्टीबीच एकता र कर्मचारीतन्त्रमा रुपान्तरणको भावना हुनुपर्छ । रुपान्तरण नभएकै कारण सुशासनमा जति प्रभावकारी भाषण सुनिन्छ, व्यवहारमा त्यति भएको छैन । त्यसका लागि साझा राष्ट्रिय सहमति कायम हुनुपर्छ, त्यसमा सरकारकै तर्फबाट पहलकदमी हुनुपर्छ ।

**सङ्घीयताको मर्म भावनाअनुरुप अधिकार विकेन्द्रीकरण तथा प्रदेशको स्वयत्तताका विषयमा उठिरहेको बहसलाई तपाईंले कसरी हेर्नुभएको छ ?**

– मानिसले आफ्नो इतिहास आफैंले बनाउँछ, तर चाहे जति बनाउन सक्दैन । प्रदत्त परिस्थितिअनुरुप हुन्छ भनिन्छ । अहिले पनि अलि जटिल र पेचिलो परिस्थिति छ । अङ्क गणितलाई पनि ध्यान नदिने हो भने फेरि राष्ट्रलाई अघि बढाउन गाह्रो हुन्छ । राजनीतिक, आर्थिकरुपमा स्थायित्व होस् र व्ययभार नबढोस् भन्ने जनचाहना छ । यो जटिलता छ । जटिलतालाई चिर्दै अघि बढ्नु राजनीतिक नेतृत्वको कुशलता हो । केही आशाका झिल्का देखा पर्छन्, फेरि गोलचक्करमा गुमेको जस्तो देखिएको छ । संसद्मा भएका प्रमुख दलका बीचमा साझा न्यूनतम् कार्यक्रम बनाएर बाँकी अरू दलसँग पनि राष्ट्रिय दृष्टिकोण बनाउने कुरा महत्वपूर्ण हो । भू–राजनीतिक अवस्थाले इतिहासमा कहिल्यै नभएको आवश्यकता अहिले भएको छ । यसका माध्यमबाट जनतामा आशा दिलाउने कार्य गर्न सकियो भने राम्रो हुन्छ । अलिकति भएकै कामलाई स्थापित गर्न पुगेको छैन, अलिकति नयाँका लागि पहल कदमी बढाउनुपर्छ ।

**सभामुखको निष्पक्षताको भूमिकालाई लिएर बेला–मौकामा कुरा उठ्दै आएको छ, तपाईं पनि सभामुख हुनुभयो, परिस्थितिले त्यस्तो हो कि उठेको विषय सही हो ?**

– व्यक्ति विशेषको भूमिकामा टिप्पणी गर्नु त्यति सान्दर्भिक र वाञ्छनीय हुँदैन । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामध्ये व्यवस्थापिका नै सबैभन्दा महत्वपूर्ण छ, सबैकुरा त्यहींबाटै निर्देशित हुन्छन् । सभामुख भएपछि नियमावली पल्टाउँदा असीमित अधिकार देख्दा अचम्म लाग्यो, तर सभामुखको भूमिका भनेको छलफल, बहस, संवाद, समझदारी र सहकार्यका लागि दलहरुबीचमा समन्वय गर्न सक्यो त्यति नै राम्रा हुने देखें । स्वतन्त्र, निष्पक्ष र तटस्थ भूमिकाका साथ प्रस्तुत हुन सक्नुमा नै सभामुखलाई बल प्राप्ति हुने भएकाले त्यसबाटै पहलकदमी लिन सक्नुपर्छ । सबैतिरका गतिविधिलाई सभामुखले मात्रै अवलोकन गर्न सक्छ, समग्र परिस्थितिलाई ठोस विश्लेषण गरी तत्काल विवेक र चेतना प्रयोग गरी उचित वातावरण बनाउन भूमिका खेल्नुपर्छ । राष्ट्रको अधिकतम् हितका लागि राजनीतिक निर्णय पनि लिनुपर्ने हुन्छ । सभामुखले प्रदत्त परिस्थितिअनुसार गर्ने निर्णय, गतिविधि र पहलकदमीमध्ये केहीमा मात्र स्पष्टीकरण दिन परोस् । अधिकांश स्वतः यसकारणले यो निर्णय गरेको होला भनी बुझ्ने हिसाबले कार्यसम्पादन गरिँदा राम्रो होला भन्ने लाग्छ ।

**सभामुखजस्तो सम्माननीय पदमा पुगेर काम गरिसकेको व्यक्ति तपाईं फेरि पार्टीमा फर्केर काम गर्न असजिलो भएको छैन ?**

– यो निकै महत्वपूर्ण प्रश्न छ, मैले यो प्रश्नमा धेरै गम्भीरतापूर्वक सोचविचार पनि गरेको थिएँ । फेरि पनि राष्ट्रलाई योगदान गर्न अलग भएर कि दलमै आबद्धता हुने भन्ने विषयमा दलभित्र भएको छलफल र बहसपछि यो निर्णयमा पुगें । हरेक मानिसका आफ्नै मानक हुन्छन् । मुलुकका तीनमध्ये एउटा अङ्कको नेतृत्व गरें । जीवन रहेसम्म त्यो प्राप्त अवसरका सम्मान गर्ने विषयमा राम्रै सोचेको छु । साझा दृष्टिकोण र वैचारिक विचारलाई प्रभावकारी बनाउन बेग्लै चिन्तन मनन गर्नेभन्दा दलमा रहेर बढी भूमिका हुन्छ भन्ने लाग्यो । मेरो विवेक र चेतनाले त्यो बाटोबाट राष्ट्रका लागि बढी योगदान दिन सकिन्छ भन्ने लागेको छ । हरेक दलमा जस्तै मेरै पार्टीमा पनि समस्या छ । पार्टीको आधिकारिक पोजिसनसहित छलफल गर्ने कुरा प्रभावकारी होला कि भनेर हो । सभामुख भएपछि फेरि निर्वाचनमा गइन । विगतमा पार्टीमा एउटा समूह राजकीय काममा जाने अर्को टोली दलमा काम गर्ने भन्ने थियो । त्यो छलफल त हराएकोजस्तो भएको छ । मैले एउटा दार्शनिकले भनेको कुरा सम्झिएँ–आफैं नेता बनाउनेभन्दा अरुलाई नेता बनाउने ठूलो कुराका आधारमा एउटा प्रयोग गरेको हुँ । पार्टीलाई रुपान्तरण गर्न विचारको संश्लेषण आवश्यक छ । अहिले संसारभर नै विचारको बहस हराएर गएको छ । त्यो बहसलाई अघि बढाउन र ऊर्जा प्रवाह गर्दै प्रकाश दिलाउन पार्टीमा फर्केर काम गर्ने निर्णय गरेको हुँ ।

**विगतमा मुलुककै ठूलो दल भइसकेको तथा राजनीतिक परिवर्तनमा महत्वपूर्ण योगदान पुर्‍याएको दलले फेरि पुरानै ढर्राका राजनीतिक अङ्क गणितमा लाग्नुपर्दा कस्तो अनुभूति हुन्छ ?**

– अहिलेकै राजनीतिक गोलचक्करबाट जनताको विश्वास हासिल गर्न चुनौती छ । हाम्रो पार्टीले भर्खरै विधान सम्मेलन गर्‍यो । विशेष महाधिवेशनतर्फ जानुपर्छ भनेर बहस उठिरहेको छ । तपाईंकै भनाइअनुसार राष्ट्रिय राजनीतिमा सङ्ख्यात्मक हिसाबले पार्टीको नेतृत्वदायी भूमिका कम्जोर देखिएको छ । विगतमा विचारको निकै माथिबाट संश्लेषण गरी महान् अग्रगामी छलाङ मारियो । हामीले २१औं शताब्दीमा जनवादको विकास भनेका थियौं, तर पछिल्ला दिनमा त्यसलाई निरन्तरता दिन सकेका छैनौं । फेरि अब विचारको संश्लेषण अनिवार्य भएको छ । पार्टीले विचारको बहसलाई सघन र घनिभूत बनाउँदैछ । त्यो महान् बहसको प्रक्रियाबाट विशेष महाधिवेशनमार्फत विचारको संश्लेषणपछि फेरि पहलकदमी लिन सकिन्छ ।
राजनीति भनेको कहिले रसातलमा पुगको जस्तो त कहिले दिग्विजय भएजस्तो हुन्छ । राजनीतिमा उतारचढाव, घुम्ती र मोड भइरहन्छ । २०६४ सालको निर्वाचनमा प्रत्यक्षतर्फ बहुमत आएकामा अहिले ३२ सिट छ । फेरि जनताले उठाएको प्रश्नको एक–एक उत्तर दिँदै समयानुकूल वैचारिक, राजनीतिक, साङ्गठानिक, सांस्कृतिक पुनर्गठनका साथ विज्ञान र प्रविधिको प्रयोग र रुपान्तरण गर्दै अघि बढ्नुपर्छ । युवापुस्तालाई प्रशिक्षित र सङ्गठित गर्न सकियो भने अहिले भुत्तेजस्तो भएको चेतना प्रवाहमा चम्काउन सकिन्छ । फेरि आश्चर्य ढङ्गले पहलकदमी लिन सक्छौं । अहिले जनतामा डगमगाउन खोजेको जनविश्वासलाई सबल र सुदृढ तुल्याएर अघि जान सकिन्छ, जानुपर्छ । देशको भूराजनीतिक स्थितिका आधारमा जसरी राजनीति अघि बढ्दैछ, निर्माण भइरहेको विश्व दृष्टिकोणका आधारमा राष्ट्रिय दृष्टिकोण बनाएर अघि बढेपछि जनतामा देखिएको चिन्ता र निराशा हटाउन सकिन्छ । अहिलेको उकुसमुकुसप्रति जनताबाट उठेको प्रश्नको हामीले उत्तर दिनपर्छ ।

**अन्त्यमा केही भन्न चाहनुहुन्छ कि ?**

–अहिले नयाँ पुस्तामा अतिरञ्जितरुपमा विदेश जाने महत्वकाङ्क्षा बढाइदिएको छ । विदेशमा जोखिम काममा जाँदा मर्ने र मारिने कुरा शतप्रतिशत सुनिश्चित छ, तर उ नगई छाड्दिन भन्छ र जान्छ । किन त्यस्तो भइरहेको छभन्दा अतिरञ्जित महत्वकाङ्क्षा जगाइदिएको छ, समाजले । एकथरि रोजगारीका लागि जाने अर्का थरी सम्पूर्णरुपले सेवा सुविधा प्राप्त गरिरहेको पनि विदेश पलायन भइरहेको छ । अध्ययनका लागि विदेश गएका सीप सिकेर स्वदेश फर्कने वातावरण बनाउनुपर्छ । आकर्षण बढाउनुपर्छ । नेपाली बौद्धिक मस्तिष्क बाहिर खर्च भइरहेको छ, त्यसलाई देशमै प्रयोग गर्ने वातावरण बनाउनेमा सबै राजनीतिक दल तथा तह र तप्का लाग्नुपर्छ । देशप्रति चिन्ता र चिन्तन गर्न सबैलाई म अपिल गर्छु कि, सबै नेपालीलाई स्वदेशमै बस्ने वातावरण बनाउन लागि परौं ।

# नेपाल र भारतबीचको आर्थिक सम्बन्ध थप विस्तारमा जोड

**काठमाडौँ ।**
नेपाल–भारतबीचको सामाजिक र आर्थिक सम्बन्धलाई थप विस्तार गर्दै दुवै देशको समृद्धिका लागि सरकार र जनस्तरबाट पहल हुनुपर्नेमा जोड दिइएको छ । 'एसोसिएसन फर इकोनोमिक ग्रोथ' र 'अर्गनाइजेसन फर कमर्श एण्ड इन्ड्रष्ट्री फोरम' द्वारा काठमाडौँमा आयोजित 'इन्डो नेपाल फ्रेन्डसिप ब्याङ्क्युट–२०२४' का अवसरमा सहभागी वक्ताहरुले विश्व अर्थतन्त्रको चुनौतीको सामना गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यापार र व्यवसायका विद्यमान समस्याको पहिचान गरी समाधानमा लाग्नसमेत आग्रह गरेका छन् । कार्यक्रममा भारत–नेपालमैत्री सङ्घका प्रवक्ता शशीभूषण कुमारले नेपाल र भारतबीच वर्षौंदेखि आर्थिक, सामाजिक, सांस्कृतिक र साहित्यिक सम्बन्ध रहेको उल्लेख गर्दै दुई देशबीचको सीमापार आवतजावतमा कुनै प्रतिबन्ध नहुनुले आपसी सम्बन्धमा प्रगाढता रहेको बताए । कार्यक्रममा हाल नेपालमा बस्दै आएका बेलायती नागरिक गारी देला पोमेराइ, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका पूर्वउपसचिव रामप्रसाद सुवेदी, 'इडियु टेक नेपाल'का अध्यक्ष मदन दाइना सिलवाललगायतले आर्थिक समृद्धिका सवालमा आफ्ना अनुभव प्रस्तुत गरेका थिए । कार्यक्रममा भारतको विहारस्थित 'हबी बेल्स–आइसक्रिम वैशाली'का प्रबन्ध निर्देशक शत्रुधन चौधरीलाई 'गोल्ड स्टार एसिया इन्टरनेसनल अवार्ड' प्रदान गरिएको थियो ।

# बालबालिकालाई श्रममा लगाउने उद्योग कारबाहीमा

**बागमती ।**
बालबालिकालाई श्रममा लगाउने १५ उद्योग प्रतिष्ठान तथा रोजगारदातालाई श्रम तथा रोजगार कार्यालय हेटौँडाले कारबाही गरेको छ । चालु आर्थिक वर्ष २०८०/८१ को १० महिनामा गरिएको अनुगमनका क्रममा बालश्रमिकका रुपमा काम लगाउने प्रतिष्ठान तथा रोजगारदातामाथि कारबाही गरिएको सो कार्यालयका प्रमुख छन्दनारायण श्रेष्ठले जानकारी दिए । उनका अनुसार प्रतिष्ठान तथा रोजगारदातामाथि कारबाही गरी ३७ हजार सात सय जरिवाना र तीन लाख ४० हजार सात सय १२ रुपैयाँ क्षतिपूर्ति तिराइएको छ । सो अवधिमा विभिन्न उद्योग प्रतिष्ठानहरुबाट बालश्रमिकका रुपमा रहेका २२ जना बालबालिकाको उद्धार गरिएको कार्यालय प्रमुख श्रेष्ठले बताए । चालु आर्थिक वर्षको वैशाखसम्म दुई सय प्रतिष्ठानमा अनुगमन गरिएको थियो ।

अधिकांश ठूला उद्योग प्रतिष्ठानहरुमा न्यूनतम पारिश्रमिकलगायत श्रम कानुनको पालना गरिएको भए पनि साना उद्योग प्रतिष्ठानहरुमा नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षाको अवस्था कमजोर रहेको उनले जानकारी दिए । अनुगमनका क्रममा कमजोरी देखिएका उद्योग प्रतिष्ठानहरुलाई सुधार गर्न निर्देशन दिइएको र श्रमिक तथा व्यवस्थापकहरुलाई समेटेर सचेतनामूलक कार्यक्रमसमेत गरिएको उनले बताए ।

श्रम तथा रोजगार कार्यालय हेटौँडामा होटल, उद्योग, वर्कशप गरी ५० वटा साना–ठूला उद्योग प्रतिष्ठान सूचीकृत छन् । चालु आवमा एक सय ५० प्रतिष्ठानलाई सूचीकृत हुन ताकेता गरिएको कार्यालय प्रमुख श्रेष्ठले बताए । कार्यालयमा धेरै जसो उजुरीहरु पारिश्रमिक नपाएको सम्बन्धी आउने गरेको उनको भनाइ छ । चालु आर्थिक वर्षको १० महिनामा पारिश्रमिकसम्बन्धी ७० वटा उजुरी दर्ता भएकामा ५५ वटा उजुरी प्रत्यक्ष वार्तामार्फत समाधान गरिएको र बाँकी १५ वटा उजुरी समाधानको प्रक्रियामा रहेको प्रमुख श्रेष्ठले जानकारी दिए । उनका अनुसार सो अवधिमा श्रमिक आपूर्तिकर्ता कम्पनी दर्ता तथा नवीकरणबापत ६८ हजार पाँच सय रुपैयाँ, बालश्रमसम्बन्धी जरिवाना बापत ३७ हजार सात सय रुपैयाँ र ट्रेड युनियन दर्ता तथा नवीकरणबापत एक हजार छ सय ५३ गरी एक लाख सात हजार आठ सय ५३ रुपैयाँ राजस्व सङ्कलन भएको छ । यस अवधिमा मकवानपुर, चितवन, सिन्धुलीमा विभिन्न सचेतनामूलक कार्यक्रम गरिएको कार्यालयले जनाएको छ । रासस

# च्याङग्राको भुवा प्रशोधन केन्द्र स्थापना




**म्याग्दी ।**
मुस्ताङको लोमान्थाङमा पश्मिनाको कच्चापदार्थका रुपमा प्रयोग हुने च्याङग्राको भुवा प्रशोधन केन्द्र स्थापना भएको छ । नेपाल पश्मिना उद्योग सङ्घले लोमान्थाङमा सञ्चालन गरेको भुवा सङ्कलन केन्द्रमा प्रशोधन गर्ने उपकरण जडान गरेको हो । सङ्घका अध्यक्ष धनप्रसाद लामिछानेले पश्मिनाको गुणस्तर सुधार गर्न भुवाको धुलो र फोहर झार्ने (डिडस्टिङ) औजार जडान गरिएको बताए । 'किसानले सङ्कलन केन्द्रमा ल्याउने भुवालाई तत्कालै प्रशोधन गरेर काठमाडौँका उद्योगमा पठाउने व्यवस्था मिलाएका हौँ', उनले भने, 'काठमाडौँ लगेर भुवा प्रशोधन गर्दा तौल घट्ने र झन्झटिलो थियो । अबदेखि किसानले आफै भुवा प्रशोधन गरेर केन्द्रमा बेच्न सक्छन् ।' भुवा प्रशोधन गर्ने उपकरणको उद्घाटन आइतबार नेपालका लागि बेलायती राजदूत रब फेनले गरेका हुन् । नेपाली च्याङ्ग्राको भुवाबाट उत्पादन हुने पश्मिनालाई फार्मदेखि फेसनसम्मको मूल्यशृङ्खलामा ब्राण्डिङ गर्न प्रशोधन केन्द्रको उपकरणले सहयोग पुग्ने राजदूत फेनले बताए । नेपाली पश्मिनालाई बेलायतको बजारमा प्रवद्र्धनका लागि सघाउने प्रतिबद्धता उनले जनाए । च्याङग्राको भूवा पश्मिनाका लागि (क) श्रेणीको कच्चापदार्थ हो । भेडा र चौंरीको तुलनामा च्याङ्ग्राको भूवा गुणस्तरीय मानिन्छ । प्रत्येक वर्ष सानो परिमाणमा उत्पादन हुने पश्मिनाको माग विश्व बजारमै बढ्दो छ । राम्रो गुणस्तरको पश्मिनाका लागि आकर्षक मूल्य तिर्न खरिदकर्ता तयार भएकाले च्याङ्ग्रापालक किसानले भुवाबाट राम्रो आम्दानी गर्न सक्ने लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी नर्बु गुरुङले बताए । नेपाल पश्मिना उद्योग सङ्घका अनुसार नेपालबाट वार्षिक तीन अर्बको पश्मिना निर्यात हुन्छ । वार्षिक एक सय ९५ टन पश्मिना बनाउन आवश्यक भूवाको धागो आयात गरिन्छ । विदेशबाट कच्चापदार्थ आयात घटाउन मुस्ताङ, मनाङ, डोल्पा, मुगु, हुम्लालगायत जिल्लाका किसानबाट पछिल्लो दुई वर्षयता च्याङ्ग्राको भूवा खरिद गर्न थालिएको पश्मिना उद्योगी भीम शेरचनले जानकारी दिए । सङ्घले मुस्ताङबाट वार्षिक दुई मेट्रिक टन भूवा सङ्कलन गरेर लैजाने गरेको छ । बजारको सुनिश्चितता नभएकाले मुस्ताङका किसानले यसअघि च्याङ्ग्राको भुवा बेच्ने गरेका थिएनन् । भुवा निकाले पनि बिक्रिका लागि बजार नपाइने समस्या थियो । नेपाल फाइबर प्रोसेसिङ उद्योगले लोमान्थाङमा भूवा सङ्कलन र काठमाडौँमा प्रशोधन केन्द्र स्थापना गरेको छ । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङका अनुसार जिल्लामा ५२ हजार च्याङ्ग्रा पालिएको छ । रासस

# इजराइली प्रधानमन्त्रीद्वारा युद्ध मन्त्रिपरिषद् भङ्ग

**तेल अभिव**
**एपी ।**
इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले गाजामा युद्धको नेतृत्व गर्ने जिम्मेबारी दिइएको प्रभावशाली युद्ध मन्त्रिपरिषद्लाई भङ्ग गरेको अधिकारीहरूले सोमबार बताएका छन् । युद्ध मन्त्रिपरिषद्का एक प्रमुख सदस्यले प्रधानमन्त्रीको युद्ध व्यवस्थापन गर्ने तरिकालाई लिएर निराशा व्यक्त गर्दै सरकारको आलोचना गरेको केही दिनपछि यस्तो कदम चालिएको हो । यसै महिनाको प्रारम्भमा मध्यमार्गी पूर्व सैन्य प्रमुख बेनी गेन्ट्जले युद्ध मन्त्रिपरिषद् सदस्यबाट राजीनामा दिएपछि यस्तो कदमको व्यापक अपेक्षा गरिएको थियो । सरकारबाट गेन्ट्जको अनुपस्थितिले नेतान्याहुलाई शासन गर्न आफ्ना अतिराष्ट्रवादी सहयोगीमाथि अधिक निर्भर बनाएको छ र युद्ध मन्त्रिपरिषद्को विघटनले गाजामा आठ महिना लामो युद्धका रूपमा भएको परिवर्तनलाई जोड दिएको छ । नेतान्याहुले युद्धसँग सम्बन्धित संवेदनशील मुद्दाका लागि आफ्ना केही सरकारी सदस्यसँग सानो फोरम राख्नुहुने आफ्नो नाम उल्लेख नगर्ने सर्तमा एक अधिकारीले बताए । यसमा युद्धविराम सम्झौताको विरोध गर्ने र गाजामाथि पुनः कब्जा गर्नका लागि समर्थन गर्ने अतिदक्षिणपन्थी शासक साझेदार रहेको सुरक्षा मन्त्रिपरिषद् पनि समावेश छ । गेन्ट्ज विपक्षी दलको नेता तथा नेतान्याहुका प्रतिद्वन्द्वी रहेको बेला युद्ध मन्त्रिपरिषद्को गठन युद्धको सुरुआती दिनमा गरिएको थियो । अक्टोबर ७ मा दक्षिणी इजराइलमाथि हमासको आक्रमणपछि एकता प्रदर्शनमा गेन्ट्ज गठबन्धनमा सामेल भएका थिए । उनले नेतान्याहुको सरकारका अतिदक्षिणपन्थी सदस्यहरूलाई किनारा लगाउन सानो निर्णय गर्ने निकायले युद्धको नेतृत्व गर्नुपर्छ भन्ने माग गरेका थिए । युद्ध मन्त्रिपरिषद्मा तीन सदस्य गेन्ट्ज, नेतान्याहु र रक्षामन्त्री योभ ग्यालेन्ट थिए । उनीहरुले मिलेर युद्धका क्रममा महत्त्वपूर्ण निर्णय गरेका थिए । इजराइलले थप महत्त्वपूर्ण निर्णयको सामना गर्नुपरिरहेको बेला युद्ध मन्त्रिपरिषद् समाप्त गर्ने कदम चालिएको छ । हमासको आक्रमणका क्रममा बन्धक बनाइएका मानिसहरूको रिहाइको बदलामा इजराइल र हमासले युद्धविरामको पछिल्लो प्रस्तावमाथि विचार गरिरहेका छन् । इजराइली सेना अहिले पनि गाजा पट्टीमा फसेका छन् । उनीहरू दक्षिणी सहर रफाह र अन्य स्थानमा हमासको पुनरुत्थानविरुद्ध लडिरहेका छन् । साथै इजराइल र लेबनानी हिजबुल्लाह लडाकू समूहबीच हिंसा जारी छ । सम्पूर्ण युद्धमा नेतान्याहुले इजराइलको शीर्ष सहयोगी अमेरिका, युद्धको बढ्दो विश्वव्यापी विरोध तथा आफ्ना सरकारी सहयोगीहरू वित्तमन्त्री बेजेलेज स्मोट्रिच र राष्ट्रिय सुरक्षामन्त्री इतामार बेन–गभिरको दबाबबीच सन्तुलन बनाउने भूमिका निर्वाह गरेका छन् । दुवै मन्त्रीले इजराइलले युद्धविराम सम्झौतामा अघि बढेमा सरकार ढाल्ने धम्की दिएका छन् । विचाराधीन पछिल्लो प्रस्ताव युद्ध अन्त्य गर्न सहयोग गर्नका लागि बाइडेन प्रशासनको सबैभन्दा केन्द्रित प्रयासको हिस्सा हो ।

# गण्डकीमा तीन औद्योगिक ग्राम सञ्चालनको तयारी



**गण्डकी ।**
गण्डकी प्रदेशमा निर्माण घोषणा भएका २९ औद्योगिक ग्राममध्ये तीन औद्योगिक ग्राम आगामी आव २०८१÷८२ भित्र सञ्चालनमा ल्याइने भएको छ । उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालयका अनुसार तनहुँको आँबुखैरेनी गाउँपालिका, स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका र पूर्वाधारको अवस्था हेरेर थप एउटा स्थानीय तहमा औद्योगिक ग्राम सञ्चालनको तयारी गरिएको हो । मन्त्रालयको उद्योग–वाणिज्य महाशाखाका प्रमुख रामप्रसाद आचार्यले तीन औद्योगिक ग्राम सञ्चालनको योजनालाई प्रदेश सरकारको बजेटले समेटेको जानकारी दिए । 'आँबुखैरेनी र अर्जुनचौपारीमा उद्योग स्थापनाका लागि सम्झौतासमेत भइसकेको छ, आँबुखैरेनीमा बाँसको फर्निचर र फलामको मेसिनरी उद्योग खोल्ने तयारी छ', उनले भने, 'मन्त्रालयले स्थानीय तहलाई कार्यविधि तोकेर पठाएको छ, सोहीअनुसार औद्योगिक ग्राम सञ्चालनको प्रक्रिया अगाडि बढ्छ ।' उनले प्रदेशका अन्य औद्यागिक ग्राम सञ्चालनका लागि न्यूनतम भौतिक पूर्वाधार निर्माणको काम भइरहेको बताए । समयमा जग्गा व्यवस्थापन नहुनु, अन्तर निकाय र मन्त्रालयबीच समन्वय अभाव, स्थानीय तहको तदारुकतामा कमीजस्ता कारणले औद्योगिक ग्राम निर्माणले सोचे जसरी गति लिन नसकेको उनले बताए । 'बजेटका कारणले नभई अरू नै समस्याले औद्यागिक ग्रामको काम सुस्त देखिएको छ', महाशाखा प्रमुख आचार्यले भने, 'यसमा स्थानीय तहको नै बढी पहल र सक्रियताको खाँचो छ ।' मन्त्रालयले कामको प्रगति मूल्याङ्कनका आधारमा मात्र अब औद्योगिक ग्रामलाई बजेट दिने गरेको छ । लगानी प्रबन्ध र कार्यान्वयनमा स्थानीय तहले देखाएको उदासीनताका कारण कतिपय औद्योगिक ग्राम घोषणामा मात्र सीमित बनेका छन् । प्रदेशको महत्वपूर्ण औद्योगिक पूर्वाधारका रुपमा हेरिएको औद्योगिक ग्राम निर्माण र सञ्चालनमा भएको ढिलाइप्रति जनस्तरमा पनि गुनासो बढेको छ । तीनै तहका सरकारको लागत साझेदारीमा औद्योगिक ग्राम खोल्ने नीति छ । औद्योगिक ग्रामका लागि सङ्घ र प्रदेश सरकारबाट बजेट उपलब्ध भए पनि योजना कार्यान्वयनको जिम्मा स्थानीय तहलाई छ । जग्गा व्यवस्थापन गर्न नसकेर कतिपय ठाउँमा योजना नै अघि बढ्न सकेको छैन । कहीँ लगानी भएर पनि कामको उपलब्धि कमजोर छ । प्रदेश सरकारले गाउँठाउँमै उद्योगधन्दा खोली रोजगारी सृजना गर्ने सरकारको लक्ष्यअनुसार औद्योगिक ग्राम निर्माणको योजना अगाडि बढाएको हो । स्थानीय साधन, स्रोतको उपयोगसँगै रोजगारी सृजना र आर्थिक समृद्धिमा औद्योगिक ग्रामले टेवा पु¥याउने विश्वास लिइएको महाशाखा प्रमुख आचार्यले बताए । तनहुँको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले विकास आयोजनाको भविष्य र दिगोपना विचार गरेर मात्र सरकारले लगानी गर्नुपर्ने बताए । उनले औद्योगिक ग्रामका लागि योजनाबद्ध रुपमा बजेट, कार्यक्रम ल्याउनुपर्ने बताए । 'एक स्थानीय तह, एक औद्योगिक ग्राम'को सरकारी अभियानलाई गति दिन सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने प्रमुख त्रिपाठीले बताए । एउटा औद्योगिक ग्राममा २० देखि २५ करोड रुपैयाँसम्मका पूर्वाधार निर्माण हुने मन्त्रालयले जनाएको छ । औद्योगिक ग्रामका लागि स्थानीय तहले जग्गा उपलब्ध गराउनुपर्ने प्रावधान छ । सङ्घ र प्रदेश सरकार दुवैको नीति तथा कार्यक्रममा सबै स्थानीय तहमा औद्योगिक ग्राम बनाउने उल्लेख छ । स्थानीय तहले जग्गाको जोहो गरेपछि मात्र सङ्घ र प्रदेश सरकारले औद्योगिक पूर्वाधार निर्माणका लागि लगानी गर्छन् । औद्योगिक ग्राममा खानेपानी, बिजुली, नाली, घेरबार, प्रवेशद्वार, प्रदर्शनी, बिक्री र भण्डारण कक्षलगायत भौतिक पूर्वाधार निर्माण गरिनेछ । निजी क्षेत्रलगायत अन्य सरोकार भएका पक्षसँगको समन्वय र सहकार्यमा औद्योगिक ग्राम सञ्चालनमा ल्याइनेछ । औद्योगिक ग्राममा साना तथा मझौला उद्योग रहने महाशाखा प्रमुख आचार्यले जानकारी दिए । स्थानीय स्तरमा पाइने कच्चापदार्थ, कृषि, वन पैदावर, जडीबुटी, खानी, खनिज आदिमा आधारित उद्योग खोल्न सकिने व्यवस्था छ । औद्योगिक ग्रामका लागि सरकारले हिमाली र दुर्गम पहाडी जिल्लामा ३० रोपनी, पहाडी क्षेत्रमा ४० रोपनी र तराईमा सात बिघा जग्गाको मापदण्ड तोकेको छ । गण्डकी प्रदेशमा तनहुँको भानु नगरपालिका, ऋषिङ, आँबुखैरनी गाउँपालिका, स्याङ्जाको अर्जुनचौपारी, कालिगण्डकी गाउँपालिका, चापाकोट, वालिङ नगरपालिका, लमजुङको राइनास नगरपालिका, बागलुङको ताराखोला, मनाङको चामे गाउँपालिका लगायत स्थानीय तहमा औद्योगिक ग्राम निर्माणको घोषणा गरिएको छ । रासस

# नेपाल बङ्गलादेशसँग २१ रनले पराजित



**मधेशदृष्टि**
**वीरगंज ।**
आइसिसी टि ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएको छ । वेस्टइन्डिजको सेन्ट भिसेन्टस्थित अरनोस भाले रङ्गशालामा सम्पन्न खेलमा नेपाल बङ्गलादेशसँग २१ रनले पराजित भएको हो । यस खेलसँगै विश्वपकमा समूह डि को समीकरण पूरा भएको छ । समूह डि बाट दक्षिण अफ्रिका र बङ्गलादेश विश्वकपको दोस्रो चरणमा प्रवेश गरेका छन् । आठ अङ्क बटुलेको दक्षिण अफ्रिका शीर्ष स्थानमा रहँदै सुपर आठमा पुगेको हो भने छ अङ्क बटुलेको बङ्गलादेश दोस्रो स्थानमा रहँदै अघिल्लो चरणमा पुगेको हो । यस समूहबाट नेपाल, नेदरल्यान्डस र श्रीलङ्का समूह चरणबाटै बाहिरिएका छन् । विश्वकपको यात्रा टुङ्गाएसँगै नेपाली टोलीका लेग स्पीन सन्दीप लामिछानेले भने टि ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटको आफ्नो ५४ औँ खेलमा एक सय विकेट पुर्याएका छन् । उनी विश्वको दोस्रो छिटो १०० विकेट लिने खेलाडीको नयाँ कीर्तिमानी बनाउन सफल भएका छन् । बङ्गलादेशविरुद्धको खेलमा उनले दुई विकेट लिएसँगै उनको एक सय विकेट पूरा भएको हो । जारी विश्वकपमा सन्दीपको यो दोस्रो खेल हो । यसअघि अमेरिकाले भिसा नदिएपछि सन्दीपले अमेरिकामा नै भएको नेदरल्यान्डस र श्रीलङ्काविद्धको खेल गुमाउन पुगेका थिए । यद्यपी नेपाल र श्रीलङ्काको खेल भने वर्षाका कारण रद्द भएको थियो । अफगानिस्तानका रासिद खानले ५३ खेलमा एक सय विकेट लिँदै टि ट्वान्टी अन्तर्राष्ट्रिय खेलमा सबैभन्दा कम खेलेर एक सय विकेट लिने कीर्तिमान बनाएका थिए । सोमबारको खेलमा बङ्गलादेशले जितका लागि दिएको एक सय सात रनको विजयी लक्ष्य पच्छाएको नेपाल १९ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमै समेटियो । नेपालका लागि कुशल मल्लले सर्वाधिक २७ रनको योगदान दिए । उनले ४० बलमा एक चौका र एक छक्काको सहायताले सर्वाधिक २७ रन बनाएका हुन । त्यसैगरी दीपेन्द्रसिंह ऐरीले ३१ बलमा दुई चौका र एक छक्काको मद्दतमा २५ रन बनाए । त्यस्तै आसिफ शेखले १४ बलमा चार चौका प्रहार गर्दै १७ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कका रन बनाउन सकेनन् । कुशल भुर्तेल चार रनमा आउट हुँदा रोहितकुमार पौडेल र सन्दीप जोरा समान एक एक रनमा आउट भए । अनिल शाह, गुलशन झा, सोमपाल कामी, सन्दीप लामिछाने र अभिनाश बोहोरा शून्यमा आउट भए ।

नेपाललाई सस्तैमा समेट्नेक्रममा बङ्गलादेशका लागि तान्जिम हसन सकिबले चार विकेट लिए भने, मुस्ताफिजुर रहमानले तीन विकेट झारे । त्यस्तै सकिब अल हसनले दुई र तस्किन अहमदले एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बङ्गलादेशले १९ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै एक सय ६ रनको योगफल बनाएको थियो । बङ्गलादेशका लागि सकिब अल हसनले २२ बलमा २ चौकासहित सर्वाधिक १७ रनको योगदान दिए । त्यस्तै रिशाद हसनले सात बलमा एक चौका र एक छक्कासहित १३ रन जोडे । महमुदुल्लाह रियादले १३ बलमा दुई चौकाको सहायताले समान १३ रन नै जोडे । यसैगरी तक्रिन अहमद र जाकेर अलीले समान १२÷१२ रन जोडे भने लिटन दासले १० रन बनाए । तोव्हीद ह्रिदोयले ९, कप्तान नाज्मुल हसन सान्टाले ४ तथा तान्जिम हसन सकिब र मुस्तब फिजुर रहमानले समान ३÷३ रन बनाए । नेपालका सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने र रोहितकुमार पौडेलले समान दुई दुई विकेट लिएका थिए । यस खेलसँगै जितविहीन रहँदै नेपालले विश्वकपको यात्रा टुङ्गायो ।

# पर्यटकको पर्खाइमा दार्चुलाको अपी नाम्पा संरक्षण क्षेत्र

**अर्चना झा र गणेशसिंह धामी**
**खलङ्गा ।**
नेपालको सुदूरपश्चिम प्रदेश दार्चुला जिल्लाको उत्तरी भागमा अवस्थित अपी नाम्पा संरक्षण क्षेत्र नेपालका प्रमुख पर्यटकीय गन्तव्यमा पर्दछ । यहाँ पुग्ने जोसुकैको पनि मन लोभ्याउने यो शान्त क्षेत्र सुन्दर हिमालले सुशोभित भएकाले पनि थप आकर्षक रहेको छ । शान्त वातावरण, विभिन्न वरपरका विविध क्षेत्रको दृश्य तथा जैविक विविधताले भरिपूर्ण यस संरक्षण क्षेत्रबाट वरपरको प्राकृतिक मनोरम दृश्य पनि सजिलैसँग अवलोकन गर्न सकिन्छ । खनिज पदार्थ, खानी, दुर्लभ पशुपक्षी, बहुमूल्य जडीबुटी, देवस्थल तथा वरपर हिमालको आकर्षण यस क्षेत्रका विशेषता हुन् । यस क्षेत्रलाई देवभूमि पनि भन्ने गरिन्छ । यसै क्षेत्रमा देवीदेउताका प्राचीन मन्दिरहरु पनि यहाँ अवस्थित छन् । यस क्षेत्रमा महर्षि वेदव्यासले तपस्या गरी वेद, पुराण, महाभारत आदिमा यस क्षेत्रको बारेमा वर्णन पनि गर्नुभएको थियो । यहाँ अवस्थित रहेका पुराना तथा प्राचीन मन्दिरहरु र ऋषिमुनिहरुले तपस्या गरेका स्थलहरुको अध्ययनबाट पनि यस अपीनम्पा क्षेत्रको पवित्रता स्पष्ट रुपमा बुझ्न सकिन्छ । अपी नाम्पा संरक्षण क्षेत्र जैविक विविधताले भरिपूर्ण क्षेत्र हो । यस क्षेत्रमा पाइने जडीबुटी, लोपोन्मुख वन्यजन्तु, प्राकृतिक सम्पदाहरु यसका मुख्य आकर्षण हुन् । यहाँ पर्यटकहरूका लागि घरबास (होमस्टे)को पनि व्यवस्था गरिएकाले पनि टाढादेखि नै यहाँ पर्यटक आउने गर्दछन् । यो क्षेत्रमा वर्षको सात महिना हिउँले ढाकिएको हुन्छन् । त्यसकारणले यहाँका बासिन्दा हिउँ नपर्ने अरू ठाउँमा बास बस्न जाने गर्दछन् । तर पनि हिउँ खेल्ने तथा यसमा रमाउनेहरुका लागि त्यो समय झनै आकर्षक हुने गरेको छ ।
दार्चुला सदरमुकामबाट भारतको बाटो हुँदै गाडीमा करिब चार घन्टाको यात्रापछि सीतापुलबाट एक घन्टा पैदल हिँडेर व्यास गाउँपालिका–१ छाङ्गरु अपी नाम्पा संरक्षण क्षेत्रमा प्रवेश गर्न सकिन्छ । नेपाल सरकारले सुदूरपश्चिम जैविक विविधता बोकेको अपी नाम्पा क्षेत्रलाई २०६७ असार २८ मा अपी नाम्पा संरक्षण क्षेत्रका रुपमा घोषणा गरेको हो । यस क्षेत्रभित्र सुदुरपस्चिम प्रदेशकै अग्लो अपी हिमाल पर्दछ । अपी हिमालको उचाई सात हजार एकसय ३२ मिटर छ । दार्चुला जिल्लाका उत्तरी भेगका यस क्षेत्रअन्तर्गत चार ओटा वडा दुहू गाउँपालिकाका पाँच वडा



अपीहिमाल गाउँपालिकाका छ वडा र मार्मा गाउँपालिकाको सम्पूर्ण भाग, त्यस्तै नौगाड गाउँपालिकाका पाँच वडा र महाकाली नगरपालिकाका दुई वडा गरी जम्मा ३१ वडामा फैलिएको छ । यो संरक्षण क्षेत्र करिब एक हजार ९०३ वर्ग किलोमिटरमा फैलिएको छ । पाँच सय ३९ मिटर देखि सात हजार १३२ मिटरको उचाइसम्ममा रहेको यस क्षेत्रको पूर्व तर्फ बझाङ जिल्लाको सिमाना, पश्चिमतर्फ महाकाली नदी, भारतको उत्तराखण्ड जिल्लाको अन्तर्राष्ट्रिय सिमाना, उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्वत र दक्षिणतर्फ नौगाड गाउँपालिका पर्दछ । यस संरक्षण क्षेत्रमा बसोबास गर्ने समुदायहरूको आठ हजार नौ सय ७९ घरधुरीमा कूल जनसङ्ख्या ५९ हजार ६ सय नौ रहेको छ । यहाँका बासिन्दाले ध्युउला, गौरा, विसु प्रमुख चाडपर्व मान्ने गर्दछन् । सो क्षेत्रमा २५ प्रकारका अस्तनधारी जनावर, दुई सय ४३ प्रजातिभन्दा बढी चरा, ३५ प्रकारका माछा र ७५ प्रकारभन्दा बढी जडीबुटीहरु पाइन्छन् । यहाँ मनमोहक फाटँहरु, गुफा, झरना, सुन्दर तालका साथै मनै लोभ्याउने हिमालहरु रहेका छन् । उक्त क्षेत्रभित्र हिउँ चितुवा, घोरल, कस्तुरी मृग, हिमाली कालो भालु, डाँफे, मुनाल, हिउँ मयुरजस्ता दुर्लभ वन्यजन्तु रहेका छन् । त्यस्तै जटामसी, यार्सागुम्बा, पाँचऔंले, कुड्की, सुगन्धबाल, तालिसपत्र, लौठसल्लो, पाखनवेद, दाल चिनी, रिठ्ठा, ओखर आदि जस्ता बहुमूल्य जडीबुटी पाइने गर्दछन् ।
खासगरी यार्सागुम्बा सङ्कलनका लागि संरक्षण क्षेत्रको स्वीकृत व्यवस्थापन कार्ययोजनामा उल्लेख भएबमोजिम प्रत्येक आर्थिक वर्षमा जम्मा आठ सय ५० केजी यार्सागुम्बाको छोड्पूर्जी लिएर जिल्ला बाहिर निकासा दिने गरिएको अपी नाम्पा संरक्षण क्षेत्र कार्यालयका प्रमुख (वार्डेन) विनयकुमार झाले जानकारी दिनुभयो । उनले भने, 'यार्सा गुम्बा प्रतिकेजी ३१ हजार राजस्व दाखिला गरी जिल्लाबाहिर यार्सागुम्बा निकासा हुने गरेका छौँ । चालु आर्थिक वर्ष २०८०÷८१ देखि हालसम्म जम्मा राजस्व सङ्कलन रकम एक करोड ८० लाख ८६ हजार आठ सय पाँच भएको छ । अघिल्लो आवमा राजस्व रकम एक करोड ५२ लाख एक हजार ६ सय २५ सङ्कलन भएको थियो । गत वर्षभन्दा यस वर्ष आम्दानी बढेको देखिएको छ ।' यस आवको जेठसम्म संरक्षण क्षेत्र भित्रका यार्सा सङ्कलन गर्न जाने सात सय पाँचजना रहेका छन् । संरक्षण क्षेत्रभित्रका लागि प्रवेश शुल्क पाँच सय रुपैयाँ तिर्नुपर्ने, जिल्लाभित्रका लागि दुई हजार र जिल्ला बाहिरका लागि तीन हजार शुल्क तिर्नुपर्ने हुन्छ । यस कार्यालयमा कर्मचारीको अभावले गर्दा संरक्षण क्षेत्रमा नियमित गस्ती गर्न नसकिएको सो कार्यालयले जनाएको छ । कार्यालयको दरबन्दी ६७ रहे पनि हाल यहाँ ३३ जना कर्मचारी रहेको झाले जानकारी दिए । विश्वकै बहुमूल्य जडीबुटी यार्सागुम्बा पाइने यो क्षेत्र खुल्ला भएकाले पनि यहाँ मानिसहरु अवैध रुपमा अर्थात् राजस्व नतिरी यार्सा टिप्नका लागि प्रवेश गर्न खोज्दछन् । स्थानीयको आयआर्जनका लागि पनि उनीहरु यार्सा टिप्न त्यहाँ जाने गर्दछन् । यसरी अवैध रुपमा प्रवेश गर्न खोज्नेमा यार्साको व्यापार गर्ने जिल्ला तथा बाहिरका मानिस पनि पर्दछन् ।
त्यसैले यहाँको सो कार्यालयमा दरबन्दी अनुसारका कर्मचारी राखेर कडाइ गर्नुपर्ने हुन्छ । यहाँ धेरैजसो भारतीय मुलुकका नागरिक यार्सा टिप्न आउने गर्दछन् । विदेशीहरूको हकमा नेपाल सरकारसँग यार्सागुम्बासम्बन्धी राजस्व सङ्कलन गर्ने नियम, ऐन कानुन नभएकाले उनीहरूसँग राजस्व लिन कठिनाइ भएको पनि झा बताउँछन् । कार्यालय प्रमुख झा यो नीति सरकारले बनाइदिएको भए नेपाल सरकारको ढुकुटीमा करोडौँ रुपैयाँ राजस्व जम्मा हुने बताउँछन् । अब छिटो नै संरक्षण क्षेत्र व्यवस्थापन परिषद् पुनर्गठनपछि यार्सागुम्बा सङ्कलन एकद्वार प्रणाली बनाउने र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको निर्देशनमा यस कार्यालयले प्रक्रिया अगाडि बढाउने प्रमुख झाले बताए । अपी नाम्पा संरक्षण क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटकहरू घुम्न आउने गर्दछन् । अपी नाम्पा संरक्षण क्षेत्र प्राकृतिक विविधता तथा जडीबुटीले भरिपूर्ण भएकाले यसमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन यातायातको पहुँच, प्रचारप्रसार लगायतमा सबैले ध्यान दिनुपर्ने कार्यालय प्रमुख झाको भनाइ छ । यहाँबाट अपी हिमाल र व्यास हिमाल निकै आकर्षक देखिन्छ । साथै, यसै क्षेत्रभित्रका ब्रह्मदह, रानीकोट, थाइसैनमा मनमोहक फाँटहरु हेर्न पाइन्छ । अपी नाम्पा संरक्षण क्षेत्रमा रहेको ब्रह्मदह रानीकोट क्षेत्र धेरै गन्तव्यहरुमध्ये एक गन्तव्य हो ।
प्रचारप्रसारको अभाव र भौगोलिक विकटताको कारण नेपालतर्फ यातायातको बाटो समेत नहुनु यहाँको मुख्य समस्या हो । अहिले नेपाल सरकारले चीनसँगको जोड्ने नाका टिङ्करसम्म गाडी गुड्ने बाटो बनाउने तयारी गरेकाले यसबाट पनि उक्त क्षेत्रमा आउने पर्यटकलाई सहज हुनेछ । त्यस्तै आन्तरिक तथा बाह्य पर्यटकलाई संरक्षण क्षेत्रभित्र आकर्षित गर्नका लागि तिनै तहका सरकारले भौतिक संरचनामा सुधार, जडीबुटी प्रशोधन केन्द्र, पर्यटक लोभ्याउने प्याकेज ल्याउनुपर्ने अपी नाम्पा संरक्षण क्षेत्रका रेन्जर विनोद जेठारा क्षेत्री बताउनुहुन्छ । अपी नाम्पा संरक्षण क्षेत्र कार्यालयबाट अपी नाम्पा आधार शिविरसम्म हिँडेर पुग्न लगभग ६८ किलोमिटर दूरी छ । दार्चुलाबाट नजिक पर्ने तिब्बतको कैलाश मानसरोवर धर्मस्थल यात्रा तत्काल खोल्दा धेरै पक्षबाट व्यवसायी, सरकार र नागरिकलाई समेत फाइदा पुग्ने देखिन्छ । दार्चुला जिल्लामा यातायात, शिक्षा, स्वास्थ्य, रोजगारीको व्यवस्था सङ्घ र प्रदेश सरकारले यथाशीघ्र गर्नुपर्ने दार्चुलाका स्थानीयबासी दीपक खातीको माग छ । उनले सङ्कलित जडीबुटीको भण्डारण र प्रशोधन केन्द्र बनाउनुपर्ने र तिनको मूल्य तोकी बजारीकरणको व्यवस्था गर्नुपर्नेमा पनि जोड दिए । यहाँका बासिन्दाहरू शिक्षा, सीप र स्वास्थ्यका लागि पनि भारत जाने गर्दछन् । यहाँ सौका समुदायको बहुलयता रहेको छ । यस क्षेत्रको मुख्य पेशा यर्सागुम्बा तथा अरु जडीबुटी सङ्कलन गरी बिक्री वितरण गर्नु हो । यहाँको छाङ्गरुबाट चीनको नाका टिङ्कर पुग्न करिब चार घण्टा पैदल हिँड्नु पर्दछ । विसं २०७६ देखि कोरोना महामारीपछि बन्द भएको टिङ्कर नाका दुई देशको सम्झौताअनुसार यही असार ११ गतेदेखि सञ्चालनमा आउने भएको छ ।

# 'पानी पर्दा मुटु काँप्छ, टहरा बगाउला भन्ने डर लाग्छ'



**चौतारा ।**
सिन्धुपाल्चोकस्थित हेलम्बुको उच्च भेगमा वर्षा हुँदा मेलम्ची खोलाको सतह बढेर आउँछ । साबिकभन्दा खोला बढेपछि नदी आसपास रहेकाहरुबीच भागदौड मच्चिन्छ, कारण खोलामा सामान्य बाढी आउँदा पनि यहाँका स्थानीयले १ असार २०७८ सम्झिहाल्छन् । आजभन्दा तीन वर्षअघि हेलम्बुको शिर भेमाथाङको विशाल चौर भत्केर आएको लेदोसहितको बाढीले मेलम्ची नगरपालिका र हेलम्बु गाउँपालिकालाई सिधै छोप्यो । पाँचपोखरी थाङपाल गाउँपालिकाका केही भाग पनि नदीमा विलय भयो । बाढीले पाँच सय बढी घरटहरासहित नदी करिडोरमा रहेका केही व्यक्ति बगायो । हेलम्बुको शिर भेमाथाङको विशाल चौर भत्केर आएको लेदोसहितको बाढीले त्यति मात्रै गरेन अरबौँ लगानी गरेर बनाइएका फर्म, रिसोर्टहरुलाई पनि खोलाले निल्यो । स्थानीय तहले निर्माण गरेका र गर्दै गरेका संरचना ध्वस्त बनायो । योसँगै मेलम्ची र हेलम्बुको विकासलाई बाढीले निकै वर्ष पछाडि धकेल्यो । बाढीले क्षति गरेका तीन स्थानीय तहका नदी आसपास बस्नेहरु अहिले पनि राम्ररी निदाउन सक्दैनन् । खोला बढ्नासाथ त्रास फैलन्छ । डरले मुटु काँप्छ अनि त्यस्तै बाढी आउन सक्ने आकलनमा भागदौड मच्चिन्छ । तीन वर्षअघि बढेको हेलम्बुको ठूलो चौर कुनै पनि बेला फेरि खस्न सक्ने सम्भावना रहेको विज्ञहरुले बताएकाले मेलम्ची करिडोरवासी पानी पर्नासाथ त्रासमा रहने गरेका हेलम्बु–४ का खिलप्रसाद लामिछाने बताउँछन् । 'बर्खा लागेसँगै सम्भावित बाढीले पिरोल्छ, कसरी ज्यान जोगाउने भन्नेमै रात बित्छ', उनी भन्छन्, 'पानी पर्न थालेपछि पहिलाको विकराल बाढीको याद आउँछ अनि मुटु काँप्न थाल्छ, डर र त्रासका बीच रात बिताउँदैछौँ ।' बाढीले बगाएका सडक अझै बनिसकेका छैनन् । घर बगाएकाहरु अझै टहरामै खुम्चिन बाध्य छन् । सडक सञ्जाल विस्तार हुन नसक्दा बिरामी तथा वृद्धवृद्धाहरु सकसपूर्ण दैनिकी जिउन बाध्य भएका लामिछाने बताउँछन् । 'सरकारले वास्ता गरेको छैन, हामीले सम्बन्धित निकायलाई पटक–पटक जानकारी गराएका छौँ', उनी भन्छन्, 'जनताहरु पीडामाथि पीडामा छन्, सरकारले हामीले राखेका मागहरु केही पूरा गरेको छैन ।' यस वर्ष पनि जल तथा मौसम विज्ञान विभागले सिन्धुपाल्चोकमा औसतभन्दा धेरै पानी पर्ने पूर्वानुमान गरेको छ । विभागको यो पूर्वानुमानले पनि स्थानीयवासीमा थप त्रास फैलिएको छ । पहिलेका बाढीपीडित अझै पक्की घरमा बस्न पाएका छैनन् । उनीहरु अझै असुरक्षित छन् । मेलम्ची बाढीले हेलम्बु गाउँपालिकाको चार गाउँको अस्तित्व मेटाउनाका साथै तटीय क्षेत्रलाई हेर्दाहेर्दै एकै रातमा बगर बनाएको लामिछाने अनुभव सुनाउँछन् । 'बाढीले सयौँ रोपनी खेतीयोग्य जमिन नदीमा मिसाइदिएपछि किसानले उब्जनी गर्न पाएनन् । हेलम्बुको पहिचान झल्कने ट्राउट व्यवसाय बन्द भयो । बाढीले समृद्ध हेलम्बुको यात्रालाई बीचमै रोकिदियो', उनी भन्छन् । आठ वर्षदेखि हेलम्बुको किउल बगरमा रिसोर्टसहितको ट्राउट फर्म सञ्चालन गरेर बस्नुभएका उत्तममणि भण्डारीसहितको नदी करिडोरमा रहेको आठवटा फार्म नदीमा विलय भएको भण्डारी बताउँछन् । उनका अनुसार नदी करिडोरमा रहेका ट्राउट फार्ममा मात्रै एक खर्ब रुपैयाँभन्दा बढीको क्षति भएको छ । मेलम्चीको मुहानस्थल हुँदै एक्कासि उर्लिएर आएको बाढीले हेलम्बुको पुराना गाउँ चिउरेखर्क, चालिसे गाउँ, तल्लो तिम्बु बजार, गणेश बगर गाउँको सबै संरचना बगायो । झन्डै १८ हजार जनसङ्ख्या भएको हेलम्बुको तालामाराङ, चनौटे, किउल, तिम्बुजस्ता चिटिक्क देखिने बजारभर बालुवा थिग्रियो । मेलम्ची बजारको नदी किनारमा नगरपालिकाले पर्यटकीय प्रवर्द्धनका लागि ग्रिन सिटी पार्क निर्माण गर्दै थियो । करिब ३८ करोड रुपैयाँ लगानीमा निर्माण थालिएको उक्त पार्क पनि बाढीले बगाएको तत्कालीन नगरप्रमुख डम्बरबहादुर अर्याल बताउँछन् । तीन खण्डमा कार्य सम्पन्न गर्ने गरी सुरु गरिएको उक्त पार्कको निर्माण एक खण्ड सकिएको उनी जानकारी दिन्छन् । सो पार्क पर्यटन प्रवर्द्धनसँगै वातावरणीय संरक्षण अभियानका लागि निर्माण थालिएको अर्याल बताउँछन् । 'बाढीले मेलम्ची बजार सिङ्गै डुबायो । बजारमा निर्माण गरिएका सामुदायिक रेडियो, रेडियो मेललम्चीको चारतल्ले पक्की घर पनि बगायो । चन्दा सङ्कलनबाट निर्माण गरिएको भवनमा रेडियोका उपकरणहरुसमेत बगायो', रेडियो मेलम्चीका स्टेसन म्यानेजर देवराज सुवेदी भन्छन् । बजारमा छ करोड रुपैयाँ लगानीमा स्थानीय सागर श्रेष्ठले जिल्लामै पहिलोपटक लिफ्टसहितको होटल सञ्चालनमा ल्याएका थिए । छतल्ले सो भवन पनि बाढीले डुबाएपछि उनी अहिले ऋणको मारमा छन् । मेलम्ची बाढी आएको तीन वर्ष पूरा भए पनि पीडितहरु अझै टहरामै आश्रित छन् । पीडित सन्तोषी श्रेष्ठ यो वर्ष पनि आनन्दसँग रात काट्न नपाउने भन्दै दुखेसो गर्छन् । बाढीपछिका बर्खामा टहराको बसाइ निकै सकसपूर्ण भएको उनको भनाइ छ । बाढीका कारण हेलम्बु गाउँपालिकामा तीन सय ९२ परिवार लाभग्राही पहिचान गरिएको थियो । सोमध्ये हालसम्म एक सय परिवारले मात्रै राहतको पहिलो किस्ता पाएका छन्, जसमा ९५ परिवारले जग्गा खरिद गरेका हेलम्बु गाउँपालिकाका अध्यक्ष निमाग्याल्जेन शेर्पा बताउँछन् । मेलम्ची नगरपालिकामा दुई सय ४४ परिवार लाभग्राहीको सूचीमा थिए । सोमध्ये दुई सय ३२ परिवारले पहिलो किस्ता पाएका छन्भने अन्तिम किस्ता पाउने परिवारको सङ्ख्या आठ रहेको नगरपालिका कार्यालयले जनाएको छ । बाढी प्रभवित पाँचपोखरीमा एक सय ८४ परिवार लाभग्राही रहेकामध्ये ९२ परिवारले जग्गा प्राप्त गरेका छन् । सरकारले जग्गा नभएका बाढीपीडितलाई जग्गाका लागि बढीमा तीन लाख रुपैयाँ, घर निर्माण गर्न पाँच लाख रुपैयाँ र अस्थायी आवास निर्माणका लागि ५० हजार रुपैयाँ दिने घोषणा गरेको थियो । वर्षासँगै उर्लिएर डरलाग्दो गरी बग्ने मेलम्ची खोलाको बाढीले क्षतिग्रस्त घर र खेतबारी कटान गरेपछि थप बिचल्ली भएको स्थानीय बताउँछन् । पीडितका लागि स्थायी आवास निर्माण गर्न स्थानीय सरकारले मात्रै सम्भव नहुने हेलम्बु गाउँपालिकाका अध्यक्ष शेर्पा बताउँछन् । सबै तहका सरकार र सरोकार भएका निकायले सहयोग गर्नुपर्नेमा उनी जोड दिन्छन् । रासस

# एक लाख पर्यटक भित्र्याउने 'मुन्दुम ट्रेल' भ्रमण वर्षको लक्ष्य



**काठमाडौँ ।**
सन् २०२५ लाई मुन्दुम ट्रेल भ्रमण वर्षका रूपमा मनाइने भएको छ । सोमबार पर्यटन बोर्डमा आयोजित एक कार्यक्रममा मैयुङ टेम्के साल्पा सिलिचुङ टुरिजम प्रोमोसन सेन्टरका अध्यक्ष रमेशकुमार राईले सन् २०२५ लाई मुन्दुम ट्रेल भ्रमण वर्ष मनाउने तयारी भएको जानकारी दिए । उनले सात वर्षदेखि टे«लको प्रवद्र्धन र प्रचारप्रसार गर्दै आएकामा सन् २०२५ मा आन्तरिक तथा बाह्य गरी एक लाख पर्यटक भित्र्याउने लक्ष्यसहित भ्रमण वर्ष मनाउन थालिएको बताए ।
त्यसका लागि खाना, बस्न, खानेपानी, शौचालय, पार्टीपौवालगायत सङ्ख्या बढाउन र सेवा सुविधा थप्न आवश्यक छलफल भइरहेको उनले जानकारी दिए । 'पर्यटकका लागि अत्यावश्यक सेवा सुविधा थप्नुपर्ने आवश्यकता छ । सूचना तथा उद्धार केन्द्र स्थापनादेखि अन्य व्यवस्थापकीय काममा ध्यान दिनुपर्नेछ । यसो गरेमा तोकिएको सङ्ख्यामा पर्यटक पु¥याएर स्थानीयले अझबढी आर्थिक लाभ लिनसक्ने हाम्रो विश्वास छ', अध्यक्ष राईले भने ।
भ्रमण वर्षको मुख्य आकर्षणमा गोठस्टे, सुन्तला, धामी, साकेला उभौली र उधौली, रुद्राक्षलगायत महोत्सव आयोजना गर्ने आयोजकको योजना छ । मुन्दुम टे«लमा किराती बाहुल्य भोजपुर, खोटाङ, सोलुखुम्बु, सङ्खुवासभालगायत पर्यटकीय क्षेत्रहरू पर्दछन् । यो टे«ल सहज पदमार्गका रूपमा परिचित छ । पूर्वपर्यटनमन्त्री सुदन किरातीले मुन्दुम ट्रेल सांस्कृतिक मार्ग भएकाले यो अरु मार्गभन्दा भिन्न रहेकाले त्यसको 'ब्राण्डिङ' गर्नुपर्ने आवश्यकता औँल्याए । उनले भने, 'मुन्दुम टे«ल सांस्कृतिक मार्ग हो त्यसैले यो अरुभन्दा भिन्न छ । यसको ब्रान्डिङ गर्दै ऋतुअनुसार पर्यटकलाई आकर्षित बनाउनुपर्ने आवश्यकता छ । यसको प्राकृतिक स्वरुप नबिग्रिने गरी विकास गर्नसके धेरै राम्रो हुन्छ किनकि कसैलाई लालीगुँरास हेर्न मनपर्ला कसैलाई कुहिरो । रैथाने संस्कृति तथा प्रकृति संरक्षण गर्दै खुला सांस्कृतिक सङ्ग्रहालयको अवधारणाअनुसार अगाडि बढौँ ।'
पर्वतीय पर्यटन व्यवसायीको छाता सङ्गठन ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) का अध्यक्ष निलहरि बास्तोलाले स्थानीय तहले अपनत्व नलिएसम्म यो ट्रेलको प्रवद्र्धन हुन नसक्ने बताए । 'यस्ता खालका पर्यटकीय टे«ललाई स्थानीय तहले नै प्रवर्द्धन गर्ने हो ।
कति धेरै टे«लहरु हराएर गएका छन् । त्यसलाई हामी बचाउन खोजिरहेका छौँ । गाडीको बाटो चाहिन्छ तर ट्रेल बनाइरहँदा वैकल्पिक बाटो पनि खोज्नुपर्छ', उनले भने । कार्यक्रममा पाँच जनालाई मुन्दुम ट्रेल पर्यटन दूत पनि घोषणा गरिएका छन् । गायक राजेशपायल राई, कलाकार दयाहाङ राई, अल्ट्रा धावक मिरा राई, विश्व साइकल यात्री पुष्कर शाह र माउण्टेन गाइड तथा पर्वतारोही पेम्बा वाङ्चु शेर्पालाई पर्यटन दूत घोषणा गरिएको हो । रासस



**राष्ट्रपति पौडेल–अवलोकन :** जर्मनीको औपचारिक भ्रमणमा रहेका राष्ट्रपति रामचन्द्र पौडेल सोमबार तत्कालीन पूर्वी र पश्चिम जर्मनीबीचको भत्किएको बर्लिनको पर्खालगायतका ऐतिहासिक स्थलको अवालोकन गर्दै । तस्बिरः राष्ट्रपति कार्यालय/रासस

# राष्ट्रिय मुक्ति क्रान्तिको एक महिने कार्यक्रम सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय मुक्ति क्रान्तिले देशव्यापी रुपमा एक महिने १०१ कार्यक्रमहरु सम्पन्न गरेको छ । राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै दोश्रो चरणको १०१ वटा कार्यक्रमहरू सम्पन्न भएको जानकारी दिएका छन् । संयोजक महतोले कार्ययोजना बमोजिम देशभरी कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भएको भन्दै सम्पूर्ण नेता, अभियन्ता, जनसमुदाय तथा सहयोगी, शभेच्छुक, शुभचिन्तक, पक्रकारहरूलाई हार्दिक आभारसहित धन्यवाद ज्ञापन गरेका छन् । दशेव्यापी रुपमा एक महिने कार्यक्रम सम्पन्न भएको सन्दर्भमा असार ४ गते केन्द्रिय कार्यक्रम अन्तर्गत काठमाडौंमा विशाल जनप्रदर्शन गर्न तय भएको कार्यक्रम तयारी हुन नसक्दा स्थगन गरिएको जनाएको छ । सबै नेतृत्व देशभरीको कार्यक्रमहरुमा व्यस्त भएको हुँदा तयारी पूरा हुन नसकेको विज्ञप्तीमा जनाइएको छ । संयोजक महतोले काठमाडौंको विशाल जनप्रदर्शन कार्यक्रमको मिति पुनः छलफल गरी सार्वजानिक गरिने उनले बताए । साथै, महतोले सोमबार जारी गरेको विज्ञप्तीमार्फत इस्लाम धर्मावलम्बीहरूको महान पर्व वकर ईदको पावन अवसरमा शुभकामनासमेत व्यक्त गरेका छन् ।

# आगामी तीन दिन अत्यधिक गर्मीको सम्भावना



**काठमाडौँ ।**
देशका मध्य तथा पश्चिमी तराईका भू–भागमा मनसुन सक्रिय नहुँदा अत्यधिक गर्मीको सम्भावना देखिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागले जारी गरेको बुलेटिन अनुसारसम्म तातो हावा तथा तातो लहरको सम्भावना रहेकाले यसको असरबाट बच्न आवश्यक तयारी गरी सतर्कता अपनाउन अनुरोध छ । मौसम पूर्वानुमान माहाशाखाका मौसमविद् सरोज पुडासैनीले मनसुन सक्रिय नहुँदा सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भू–भागका केही स्थानमा अत्यधिक गर्मीको सम्भावना रहेको जानकारी दिए ।
'मुलुकको पूर्वी क्षेत्रमा मनसुन सक्रिय भइसकेको छ, पूर्वबाट पश्चिम बहने हावा सक्रिय नहुँदा पश्चिमी क्षेत्रमा असार ६ गतेसम्म तातो हावाको लहर चल्ने छ', उनले भने, 'महाशाखाले मौसमसम्बन्धी तीन दिनसम्मको मात्रै पूर्वानुमान गर्ने भएकाले आगामी तीन दिनसम्म पश्चिम क्षेत्रमा मौसम सक्रिय हुँदैन, त्यसपछि पनि के हुन्छ आजै भन्न सकिदैन ।' तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असर थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्तालगायत भएकाले सोबाट बच्नुपर्ने मौसमविद् पुडासैनीले बताए ।
'तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र वा चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ (जुस, सर्वत) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिने गर्नुपर्छ छ' उनले भने ।

# मनाइयो पहिलो दिनको बकर इद



**काठमाडौँ ।**
मुस्लिम धर्मावलम्बीको दोस्रो महान पर्व बकर इद (इदुल जोहा) सोमबार देशभरका मस्जिदमा नमाज पाठ गरी हर्षोल्लासपूर्वक मनाइएको छ । इदुल फित्र अर्थात् रमजान पर्वको ७० औँ दिनमा बकर इद मनाउने धार्मिक विधि छ । मुस्लिम धर्मावलम्बीले सोमबार बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढेका छन् । नमाज पढिसकेपछि एकापसमा शुभकामना आदान प्रदान गर्ने विधि छ । यस अवसरमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मीरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लागेका थियो । हिजरी संवत्अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको हो । अल्लाहको आदेश इब्राहिमलाई तेरो नजिकको प्यारो चीज कुर्वान (बलिदान) दे भन्ने थियो । त्यसअनुसार इस्माएल अलेह सलामलाई बलिदान दिन तयार हुँदा अल्लाह आफैँ आएर परीक्षामा उत्तीर्ण भइस् यो भेडालाई बलिदान गर भनी आदेश दिएको हो भन्ने मुस्लिम धर्मावलम्बीको विश्वास छ । यही घटनाका आधारमा यो पर्व मनाउन सुरु भएको ऐतिहासिक पृष्ठभूमि छ ।
मुस्लिम धर्म गुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर इद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताउँछन् । त्यसले यो पर्व एवं धर्मलाई पुस्तान्तर गर्न महत्त्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गर्नुभएको थियो । 'जुन ग्रन्थलाई अहिले मुस्लिम धार्मिक विद्यालय मदरसामा समेत अध्ययन अध्यापन गराइन्छ, मक्कामा जन्मिनुभएका सलल्ला ५३ वर्षको उमेरपछि मदिनामा सर्नुभएको थियो, यही सम्झनामा अहिले पनि साउदी अरबमा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्ने गरेको छ' उनले भने ।
यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिन्छ । गृह मन्त्रालयले आतेजाते विमान टिकटको व्यवस्था गरी हज यात्रा गराउने गरको छ । यस पर्वमा अल्लाहलाई खुशी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिएका छन् । धार्मिक मान्यताअनुसार अल्लाहका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइललाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो । त्यसलाई पालना गर्दा अल्लाह प्रसन्न भएर इस्माइलको कुर्बानी नभएर स्वर्ग (जनन्त) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ । यसैकारण अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ । निसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लाहसँग मनन्नत मागेका थिए । अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु भन्ने इब्राहिमको प्रतिबद्धता थियो । सोहीअनुरुप अल्लाहले निजको परीक्षणस्वरुप सपनामा कुर्बानी गर्नु पर्छ भनेको थियो भन्ने मुस्लिम धर्मावलम्बीको विश्वास छ ।
उनले धेरै जनावर कुर्बानी गरे तर अल्लााह खुशी भएका थिएनन् । उनले अन्तिममा आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेको बताइन्छ । यस घडीमा उनको परीक्षण सफल सावित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान (बलि) भएको थियो । कुर्बानीको मासु तीन भागमा बाँडी वितरण गरिन्छ । एक भाग गरिब एवं विपन्न परिवारलाई, अर्को एक भाग आफ्ना इष्टमित्रलाई र तेस्रो भाग आफैँले खानुपर्ने मुस्लिम धार्मिक मान्यता रहेको नेपाली जामे मस्जिदका सचिव मन्सुर हुसेनले बताए । यसैअनुसार सोमबार पहिलो दिनको बकर इद मनाइएको छ । मुस्लिम धर्मावलम्बीले सोमबारदेखि तीन दिन बुधबारसम्म यो पर्व मनाउने जनाइएको छ । रासस

# पार्टीमा वैचारिक मतभेद छैनः नेपाल

**काठमाडौँ ।**
नेपाल कम्युष्टि पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले पार्टीको आसन्न राष्ट्रिय महाधिवेशनबाट मुलुकमा वैज्ञानिक विशेषताको समाजवादको धारणालाई व्यवस्थित गरिने बताएका छन् । अखिल नेपाल महिला सङ्घ (समाजवादी)ले सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले महाधिवेशनबाट पारित गरिने दस्तावेजले नेपाली विशेषताको समाजवादलाई कार्यान्वयन गर्न सहयोग गर्ने विश्वास व्यक्त गरे । अध्यक्ष नेपालले पार्टीका सम्पूर्ण नेता र कार्यकर्ताको सामूहिक छलफलबाट दस्तावेज निर्माण गरिएकाले पार्टीभित्र वैचारिक मतभेद नरहेको प्रष्ट पारे ।
पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले कम्युनिष्ट आन्दोलनको रक्षाका लागि समाजवादी मोर्चा हुँदै वैचारिक दृष्टिकोण र विचार मिल्ने समूह तथा राजनीतिक शक्तिलाई एकताबद्ध गर्नुपर्ने भन्दै त्यसले समाजवादको लक्ष्य प्राप्त गर्न सघाउ पुग्ने धारणा राखे । उनले आफ्नो पार्टीले समाजवादको यात्रामा अघि बढ्छौँ भनेर पहिलो दिनदेखि नै पाइला सारेको बताए ।
पार्टीका सम्मानित नेता झलनाथ खनालले सहमतिका साथ नेतृत्व निर्माणका लागि पार्टीको दस्तावेज तयार गरिएको र अझै परिस्कृत गरेर पारित गरिने बताए । पूर्वप्रधानमन्त्री रहेका नेता खनालले एउटा वैचारिक राजनीतिक कार्यदिशाका साथै नीति, सिद्धान्त र लक्ष्यका आधारमा एकता र सहमति खोज्नुपर्ने उल्लेख गरे । पार्टीका उपाध्यक्ष एवं अनेमसङ्घका अध्यक्ष जयन्ती राईले महाधिवेशनमा महिला समानुपातिक प्रतिनिधित्व वृद्धि गर्नुपर्नेमा जोड दिए । त्यसअवसरमा अनेमसङ्घका विभिन्न प्रकाशन विमोचन गरिएका थिए । रासस

# ६ केजी सुन र ४८ लाख नगदसहित चिनियाँ नागरिक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी) ले ६ केजी सुनसहित एक जना चिनियाँ नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चिनियाँ मूलका ३७ वर्षीय सेनाम गुरुङ रहेको सिआईबीका प्रवक्ता एवं प्रहरी उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिए । काठमाडौँ महानगरपालिका वडा नम्बर ६ बौद्धको तिनचुलीस्थित गुरुङको घरबाट प्रहरीले ४८ लाख रुपैयाँ नगद पनि बरामद गरेको सिआइबीले जनाएको छ ।
सुनसहित पक्राउ परेका विदेशी नागरिक भनिएका व्यक्तिसँग नेपाली नागरिकताको प्रमाण भेटिएको छ । आफुलाई चिनियाँ नागरिक बताउने ३७ वर्षीय शेरब ग्याल्मो भन्ने सोनाम गुरूङको साथबाट प्रहरीले नेपाली नागरिकता फेला पारेको हो । उनको साथबाट सोनाम गुरूङको नाममा रहेको नेपाली नागरिकताको प्रमाण पत्र एक



थान बरामद भएको नेपालको सीआईबीका प्रवक्ता बोगटीले जानकारी दिए ।
आफूलाई चिनियाँ नागरिक बताउने गुरूङले अवैधरूपमा सुन तस्करी गर्दै आएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ । गत साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बरामद भएको ६० केजी अवैध सुनको थप अनुसन्धान गर्ने क्रममा गुरूङ पक्राउ परेको सीआईबीले जनाएको छ । प्रहरीका अनुसार गुरूङ अवैध सुन भन्सार चोरी पठारी गर्दै आएको खुलेको छ । त्यस्तै चिनियाँ समूहसँगै जोडिएका दुई नेपाली भारतमा पनि पक्राउ परेका छन् । नेपाल ल्याउने चरणमा रहेकाले सीआईबीले उनीहरुको नाम खुलाएको छैन ।
ती व्यक्ति सीआइबीले यसअघि पक्राउ गरेका दावा छिरिङसहितको समूहसँग सम्बन्धित देखिएका छन् । सीआईबीले यसअघि गरेको अनुसन्धानमा ६ चिनियाँसहित ९ विदेशी पक्राउ गरेको थियो । सोमबार पक्राउ परेका चिनियाँले भने नेपालमै बसेर आफनो धन्दा चलाइरहेको अनुसन्धानबाट खुलेको छ । उनी ३ वर्षदेखि नेपालमा रहँदै आएका थिए ।
सीआईबीले अहिले भेपमार्फत तस्करी भएको ९ किलो सुन र राजश्व अनुसन्धान विभागले बरामद गरेको ६० किलो सुनको अनुसन्धान गरिरहेको छ । सो क्रममा अहिलेसम्म पक्राउ पर्नेको संख्या २० पुगेको छ ।
तस्करीको सुनको कारोबार सजिलो नेपाल र पेवल मोबाइल भुक्तानीमार्फत भएको आरोपमा ७ जना र सुन तस्करीकै संलग्न भएको आरोपमा १३ जना यसअघि नै पक्राउ परिसकेका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन